**जाडो मौसममा चीसोबाट बचौं**

- > जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- > तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- > घर तथा कोठा न्यानो बनाऔं,
- > बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- > बढी चीसोमा मर्निङवाक नगरौं,
- > दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ११ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 26 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८८

## मधेस प्रदेशको प्रथम आवधिक योजना असन्तोषजनक

प्रस, वीरगंज, १० मङ्सिर/

मधेस प्रदेश सरकारको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) कार्ययोजना अन्तिम वर्षमा चलिरहँदा सन्तोषजनक काम भएको देखिएको छैन । मधेस प्रदेश सरकारको विगत चार वर्षको समीक्षा हेर्दा सन्तोषजनक परिणामहरू हासिल हुन सकेको देखिएको छैन ।




कोभिड-१९ महामारीले देशलगायत प्रदेशको समग्र आर्थिक-सामाजिक अवस्थामा गम्भीर असर पारेको कारण मुलुकको अर्थतन्त्र खुम्चिन पुगेको छ । पहिलो योजना अवधिमा आधारभूत मूल्यमा ११ प्रतिशतको औसत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य रहेकोमा महामारीका कारण योजनाको पहिलो वर्ष नै आर्थिक वृद्धिदर न्यून रहेको तथ्याङ्कले देखाएको छ । आव २०७८/०७९ मा ४.६३ प्रतिशत र आव २०७९/०८० मा १.६९ प्रतिशत वृद्धिदर मात्र हासिल भएको तथ्याङ्कले देखाएको छ ।

पहिलो आवधिक योजनामा रहेको समग्र आर्थिक क्षेत्र अन्तर्गत बचत तथा लगानी, सार्वजनिक खर्च, राजस्व परिचालन, आन्तरिक ऋण, वैदेशिक सहयोग, निजी क्षेत्र, विदेशी लगानी र सहकारी उपक्षेत्रमा कुल ७७ वटा कार्यनीतिहरू तय गरिएकामध्ये २५ वटा (३२ प्रतिशत) कार्यान्वयन भएको, ३१ वटा आंशिकरूपमा कार्यान्वयन भएका र बाँकी २१ वटा कार्यान्वयन हुन बाँकी रहेको देखिन्छन् ।

पहिलो आवधिक योजना अवधिमा कुल रु ६० अर्ब आन्तरिक राजस्व उठ्ने अनुमान गरिएकोमा पहिलो आव २०७६/७७ देखि २०७९/८० सम्मको चार वर्षमा कुल रु ५२ अर्ब २६ करोड १८ लाख आन्तरिक राजस्व सङ्कलन भइसकेको हुँदा चालू आर्थिक वर्षको अन्त्यसम्म उक्त लक्ष्य सहजै हासिल हुने देखिन्छ । यसका आधारमा राजस्व सङ्कलनको उपलब्धि ज्यादै उत्साहजनक रहेको देखिएको छ । पहिलो आवधिक योजनाको चार वर्षको अवधिमा कुल विनियोजित चालू र पूँजीगत बजेट खर्च गर्न क्षमताको विश्लेषण गर्दा औसतमा ५६.७७ प्रतिशत रहेको छ ।

पहिलो आवधिक योजनाको चार आर्थिक वर्षमा खर्च हुन सक्ने गरी अनुमान गरिएको कुल चालू खर्चको तुलनामा औसतमा यथार्थ खर्च ४८.४७ प्रतिशत र पूँजीगत खर्च अनुमानको तुलनामा ५१.१३ प्रतिशत मात्र खर्च हुन सकेको देखिएको छ। सोही अवधिमा समष्टिगत आर्थिक क्षेत्र अन्तर्गत आन्तरिक ऋण, निजी क्षेत्रसँगको साझेदारी र विदेशी लगानीका क्षेत्रमा सन्तोषजनक कार्य हुन सकेको देखिएको छैन। विगत तीन आव २०७७/७८ देखि २०७९/८० सम्ममा मधेस प्रदेशको सञ्चित कोषमा विभिन्न विकास साझेदार संस्थाहरूले उपलब्ध गराएको बजेट र खर्चको अवस्था विश्लेषण गर्दा प्राप्त कुल बजेटमध्ये २४ प्रतिशत मात्रै खर्च हुन सकेको छ भने दाताको संयुक्त कोषबाट भएको खर्च प्रगति २९ प्रतिशत मात्र रहेको देखिन्छ ।

आर्थिक क्षेत्र अन्तर्गत जम्मा ३९ वटा रणनीति तय गरिएकामध्ये ४६ प्रतिशत कार्यान्वयन भएको र ५४ प्रतिशत कार्यान्वयन हुन सकेको छैन । यसैगरी, कार्यनीति अन्तर्गत कुल १२२ वटा कार्यनीतिहरू निर्धारण भएकामध्ये ३३ प्रतिशत मात्रै कार्यान्वयन हुन सकेका छन् भने ६७ प्रतिशत कार्यान्वयनमा आउन सकेका छैनन् । आर्थिक क्षेत्र अन्तर्गत जम्मा १२० वटा कार्यक्रमहरू निर्धारण भएकामा ५० प्रतिशत कार्यान्वयनमा आएका र बाँकी ५० प्रतिशत कार्यान्वयन हुन सकेका छैनन् ।

यसैगरी, आर्थिक क्षेत्र अन्तर्गत प्रभाव, असर र प्रतिफल तहमा कुल १७० वटा सूचकहरू रहेकामा ७० वटा सूचकहरू (४१ प्रतिशत)को मात्र प्रगति विवरण हासिल हुन सकेको छ भने बाँकी ५९ प्रतिशत सूचकहरूको विवरण प्राप्त हुन नसकेको देखिएको छ। सामाजिक विकास क्षेत्र अन्तर्गतका ७८ प्रतिशत रणनीति र ५८ प्रतिशत कार्यनीति कार्यान्वयनमा आउन सकेका छन् । पहिलो आवधिक योजनाले सामाजिक विकास क्षेत्र अन्तर्गत कार्यान्वयनका लागि प्रस्ताव गरेका १६५ वटा कार्यक्रममध्ये ६२ वटा अर्थात् ३८ प्रतिशत कार्यक्रम मात्र कार्यान्वयनमा आएका छन्। यसैगरी, सामाजिक विकास क्षेत्रको प्रगति मापनका लागि जम्मा १४८ वटा सूचक तय गरिएकामध्ये ४५ वटा सूचकको मात्र प्रगति देखिएको छ ।

स्वास्थ्य उपक्षेत्रबाहेक कुनै पनि उपप्रतिशतभन्दा ५० क्षेत्रको प्रगति माथि रहेको छैन। ज्येष्ठ नागरिक र अपाङ्गता उपक्षेत्रका सबैभन्दा कम सूचकहरूको प्रगति हासिल भएको छ भने युवा तथा खेलकूद उपक्षेत्रका कुनै पनि सूचकको प्रगति विवरण प्राप्त हुन सकेको छैन। पूर्वाधार क्षेत्र अन्तर्गत जम्मा चारवटा उपक्षेत्र रहेकामध्ये ती उपक्षेत्रहरू अन्तर्गत कुल १६ वटा रणनीतिहरू रहेकामा ४४ प्रतिशत कार्यान्वयन भएका र ५६ प्रतिशत कार्यान्वयन हुन नसकेको अवस्था छ । यसैगरी, कार्यनीति अन्तर्गत कुल ३९ वटा कार्यनीतिमध्ये ३८ प्रतिशत मात्र कार्यान्वयन हुन सकेका छन् भने ६२ प्रतिशत कार्यनीतिहरू कार्यान्वयन हुन सकेका छैनन् । यस क्षेत्र अन्तर्गत कुल ७० वटा कार्यक्रम निर्धारण भएकामध्ये १६ प्रतिशत मात्र कार्यान्वयनमा आउन सकेका छन् भने बाँकी ८४ प्रतिशत कार्यान्वयन हुन सकेका छैनन्। यसैगरी, यस क्षेत्र अन्तर्गत प्रभाव, असर र प्रतिफल तहका कुल ५९ वटा सूचकहरूमध्ये ४६ वटा सूचक (७८ प्रतिशत)को प्रगति विवरण हासिल भएको छ भने बाँकी २२ प्रतिशत सूचकहरूको विवरण प्राप्त हुन सकेको छैन ।

अन्तरसम्बन्धित तथा सर्वोपरि विषय क्षेत्र अन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनको अवस्था हेर्दा ६० प्रतिशत रणनीति र ५७ प्रतिशत कार्यनीतिहरू कार्यान्वयनमा आएका छन्। आवधिक योजनामा अन्तरसम्बन्धित तथा सर्वोपरि विषयको कार्यान्वयनका लागि प्रस्ताव गरिएका १४३ वटा कार्यक्रममध्ये ५७ वटा अर्थात् ४० प्रतिशत कार्यक्रम मात्र कार्यान्वयनमा आएका छन् भने १२९ वटा सूचक तय गरिएकामध्ये ७० वटा सूचकको मात्र प्रगति देखिएको छ। वन तथा वातावरण उपक्षेत्रबाहेक कुनै पनि उपक्षेत्रको प्रतिशतभन्दा माथि रहेको छैन। तथ्याङ्क व्यवस्थापन र मानव संसाधन विकास उपक्षेत्रहरूको प्रगति शून्य रहेको छ । जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यक्रम कार्यान्वयन प्रगति र सूचकको प्रगतिबीच तालमेल देखिंदैन ।

पहिलो आवधिक योजनाले प्रतिव्यक्ति आय १,००० अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएकोमा आव २०७९/८० सम्ममा ८५ अमेरिकी डलर पुगेको अनुमान छ। मधेस प्रदेशमा समग्र गरीबीको दर र बहुआयामिक गरीबी दर आधार वर्ष (आव २०७५/७६) मा क्रमशः २७.७ र ४७.९ प्रतिशत रहेकामा त्यसमा सुधार भई आव २०७९/८० मा क्रमशः २२.५३ र २४.२ प्रतिशत पुगेको छ। जुन योजनाले समग्र गरीबीको दर २१ प्रतिशत पुऱ्याउने लिएको लक्ष्यभन्दा कम हो। त्यस्तै, मानव विकास सूचकाङ्क ०.४२१ बाट ०.५१९ मा वृद्धि भएको छ । तर मानव विकास सूचाङ्कमा मधेस प्रदेश सातवटै प्रदेशभन्दा पछाडि रहेको तथ्याङ्कले देखाउँछ र त्यसमा महोत्तरी र रौतहट जिल्लाको अवस्था सबैभन्दा कमजोर रहेको छ ।

सामाजिक विकास सूचाङ्कतर्फ प्राप्तिको अवस्था प्रगति उन्मुख देखिन्छ जस्तै मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) १४० र बाल मृत्युदर (पाँच वर्षमुनिको प्रतिहजार जीवित जन्ममा) आव २०७५/७६ मा ५२ र आव २०७९/८० मा सुधार हुँदै ४३ मा झरेको छ । दक्ष जनशक्तिबाट प्रसूति सेवा प्राप्त गर्ने महिलाको सङ्ख्या ६८ प्रतिशत, उत्तर प्रसूति सेवा प्राप्त गर्ने महिलाको सङ्ख्या ५७.८ प्रतिशत र पूर्ण खोप प्राप्त बालबालिका ८६ प्रतिशत छन् । प्रदेश अन्तर्गतका ११३ स्थानीय तहमा पूर्णखोप सञ्चालनमा ल्याइएको छ, जुन राष्ट्रिय औसत उपलब्धिभन्दा माथि रहेको छ । प्रथम आवधिक योजनाले प्रदेशको औसत आयु (जन्म हुँदाको बखत) ७३ वर्ष पुऱ्याउने लक्ष्य लिएको थियो र आव २०७९/८० सम्ममा औसत आयु ७१.८ वर्ष पुगेको देखिन्छ । जुन आधार वर्षको औसत आयुको (७०.४ वर्ष) तुलनामा बढोत्तरी हो र यसलाई योजना कार्यान्वयनको अवधिमा स्वास्थ्य क्षेत्रमा प्रदेशले गरेको लगानीको प्रतिफल मान्न सकिन्छ। शिक्षाको अवस्था विश्लेषण गर्दा आधारभूत तह (कक्षा १-८) मा शिक्षामा खुद भर्ना दर ९४.१ प्रतिशत, विद्यालयबाहिर रहेका (४-९ वर्ष उमेर समूहका) २१.७ र १०-१७ वर्ष उमेर समूहका २०.७ प्रतिशत पाइन्छन् ।

मधेस प्रदेशको समग्र साक्षरताको अवस्था आवधिक योजनाको आधार वर्षमा ४९.५ प्रतिशत रहेकोमा योजना अवधिमा ९७ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरिएकोमा आव २०७९/८० सम्मको उपलब्धि ६३.५ प्रतिशत पुगेको छ । सामाजिक विकासतर्फका अन्य तथ्याङ्कहरूले मिश्रित प्रतिफलहरू देखाएको छ । मधेसमा बालविवाहको दर उच्च (४२.४ प्रतिशत) छ । पाँच वर्षमुनिका बालबालिकाहरूको जन्मदर्ताको प्रगति ७६.६ प्रतिशत छ । वैदेशिक रोजगारका लागि यस प्रदेशबाट जानेको सङ्ख्या अत्यधिक छ र विगत तीन वर्षको (आव २०७७/७८-२०७९/८०) अवधिमा मात्र रोजगारका लागि प्रवासिनेको सङ्ख्या १,८१,६१३ रहेको तथ्याङ्कले देखाएको छ ।

नेपालबाट वैदेशिक रोजगारमा सबैभन्दा ठूलो सङ्ख्यामा कामदार जाने जिल्ला धनुषा हो । त्यस्तै, प्रदेशमा विद्युत्मा पहुँच भएको जनसङ्ख्या ९६.३ प्रतिशत र शौचालय सुविधायुक्त घरधुरी ८८ प्रतिशत रहेको छ। मधेस प्रदेशमा जीवनको आधार मानिने चुरेको अवस्था संरक्षणको अभावमा खस्किंदो छ । त्यसको फलस्वरूप भूमिगत जलस्तर घट्न गई चापाकलहरू सुकेर खानेपानीको अभाव सिर्जना भएको छ । यहाँ वन क्षेत्रको कुल क्षेत्रफल २३७६३६ हेक्टर तथा वन बुटयान क्षेत्र ११.६२४ हेक्टर रहेको छ । वनको उचित व्यवस्थापन गरेर स्थानीय जनतालाई काठ दाउरा सहजरूपमा प्राप्ति गर्न सकिने अवस्था छ ।

## रङ्भेदविरुद्ध जनमतको प्रदर्शन

प्रस, वीरगंज, १० मङ्सिर/

जनमत पार्टी, पर्साले सोमवार वीरगंजमा रङ्भेदविरुद्धको एकता दिवस मनाएको छ ।

घण्टाघरबाट जुलुस निकालेर जनमतका नेता, कार्यकर्ताहरूले र



ङ्भेदविरुद्ध प्रदर्शन गरेका थिए । सहभागीहरूले रङ्गको आधारमा भेदभाव गर्न पाइँदैन लेखिएका प्लेकार्ड बोकेका थिए । प्रत्येक वर्ष मङ्सिर १० गतेका दिन जनमतले यो दिवस मनाउँदै आएको छ ।

जनमत पार्टीका अध्यक्ष डा सिके र ाउत आजकै दिन काठमाडौंमा पक्राउ परेका थिए । वीरगंजको घण्टाघरबाट निकालिएको ऱ्याली नगरपरिक्रमापछि सोही स्थानमा पुगेर कोणसभा गरेको थियो ।

कोणसभामा पर्सा अध्यक्ष ओमप्रकाश सर्राफ, देवेन्द्र मिश्र, रम्भा मिश्र, ललन चौरसिया, शहनबाज राँकी, सञ्जय सिंह, श्याम गुप्तालगायतले देशमा अहिले पनि रङ्गको आधारमा, भूगोलको आधारमा, भेषभूषा र भाषा तथा लिङ्गको आधारमा विभेद जारी नै रहेको गुनासो गरे ।

उनीहरूले अहिले पनि न्याय क्षेत्र, र ाजदूत नियुक्तिलगायत समानुपातिक समावेशीको आधारमा हुन नसकेको र सरकारको कथनी र करणीमा विभेद देखिएको आरोप लगाएका थिए। सबैखाले विभेदको अन्त्य हुनुपर्ने आफूहरूको माग रहेको र यो माग पूरा नहुन्जेलसम्म विभेदविरुद्धको एकता दिवस मनाइने बताए ।

## प्रप्रअ काफ्लेको रिट सर्वोच्चद्वारा खारेज

प्रस, वीरगंज, १० मङ्सिर/

जीतपुरसिमरा उपमहानगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेले आफ्नो सरुवा रोक्न सङ्घीय




मामिला तथा सामान्य प्रशासन मन्त्रालयविरुद्ध दिएको रिट सर्वोच्च अदालतले खारेज गरेको छ । यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयविरुद्धमा दिएको अदालतको अपहेलनाको अर्को रिटमा मागदाबी नपुगेको भन्दै सर्वोच्च अदालतले खारेज गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत साउन ३ गते प्रमुख प्रशासकीय अधिकृत काफ्लेको काज फिर्ता गर्दै चेतकुमार पोखरेललाई जीतपुरसिमरा उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतमा पठाएको थियो। उक्त निर्णयको विरुद्धमा काफ्लेले सर्वोच्च अदालतमा दिएको रिटमा सुनवाइ गर्दै सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको संयुक्त इजलासले आइतवार रिट खारेज गरेको हो ।

त्यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रिक्त सहसचिवको दरबन्दीमा मन्त्रालयका सहसचिव वीरेन्द्र भारतीलाई गत भदौ २७ गते पठाउने निर्णय गरेको थियो । सहसचिवको दरबन्दीमा कार्यरत उपसचिव उर्मिला काफ्लेले सो निर्णयको विरुद्धमा पनि सर्वोच्च अदालतको अपहेलना भएको भन्दै अर्को रिट दर्ता गराएकी थिइन् । सो रिटमा मागदाबी नपुगेको भन्दै सर्वोच्च अदालतलका न्यायाधीशद्वय फुयाँल र ढकालकै संयुक्त इजलासले खारेज गरेको हो ।

सर्वोच्चले रिट खारेज गरेपछि नयाँ प्रमुख प्रशासकीय अधिकृत आउनको लागि बाटो खुलेको छ भने काफ्लेले जीतपुरसिमरा उपमहानगरपालिका कार्यालय छाड्नुपर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पछिल्लो निर्णयले वीरेन्द्रदेव भारतीलाई सहसचिवको दरबन्दीमा पठाउने निर्णय गरेकोले पुनः भारतीलाई पठाउने सम्भावना छ ।

## प्रहरीलाई फर्निचर हस्तान्तरण

प्रस, वीरगंज, १० मङ्सिर/

मेरो माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत धोरे प्रहरी चौकीलाई फर्निचर सहयोग गरेको छ ।

सोमवार टेबल एक, बेन्च चार र प्लास्टिकका कुर्सी १० थान सहयोग गरेको संस्थाले जनाएको छ ।

संस्थाका वरिष्ठ प्रबन्धक राजुप्रसाद पुडासैनीले प्रहरी चौकी धोरेका प्रमुख सहायक निरीक्षक अरविन्दकुमार यादवलाई फर्निचर हस्तान्तरण गरेका थिए ।

**विचारसार र सुक्तिहरू**

**प्रयास र अवसर जुटेपछि जे घटित हुन्छ, त्यो भाग्य हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# नेपाली किसान समस्यामा

**भारतको कृषि व्यापारसम्बन्धी नीतिले नेपाली किसान र उपभोक्ता बारम्बार समस्यामा पर्ने गरेका छन्। जब नेपालमा चामल, प्याज वा अन्य कृषि उपजको अभाव हुन्छ, त्यही बेला भारतले ती वस्तुहरूको निर्यातमा प्रतिबन्ध लगाउँछ। उदाहरणका लागि दशैं, तिहार जस्ता मुख्य चाडपर्वका बेला नेपालमा प्याजको माग उच्च हुन्छ, त्यही बेला भारतले प्याज निर्यातमा रोक लगाउने गर्छ। यस्तै, नेपालमा धानको उत्पादनमा कमी आएको बेला चामलको निर्यातमा पनि भारतले प्रतिबन्ध लगाएको इतिहास छ। प्रतिबन्ध नलगाए भन्सार दर बढाएर नेपाली उपभोक्तालाई महँगो भारतीय धान, चामल एवं प्याज किन्न बाध्य बनाउँछ।**

**नेपालमा धान पाक्ने मुख्य सिजन मङ्सिर महीना हो। यसपटक पनि किसानले बजारमा धान ल्याउन लाग्दा भारतीय धान कम मूल्यमा नेपाल भित्रिन थाल्यो। यो रणनीतिले नेपाली किसान आफ्नो उत्पादनको मूल्य घटाउन बाध्य भएको छ। सस्तोमा भारतीय धान भित्र्याउने र नेपाली किसानलाई सस्तो मूल्यमा धान बेच्न बाध्य पार्ने यो तरीकाले दीर्घकालीनरूपमा नेपाललाई आत्मनिर्भर बन्ने बाटोमा अवरोध खडा गर्छ।**

**नेपालले निर्यात गर्ने वस्तुको कुरा झन् निराशाजनक छ। नेपालले भारततर्फ पठाउने सुपारी, अलैंची, बेसार, अदुवालगायतका अन्य उत्पादनमा भारतीय भन्सारले बारम्बार अवरोध खडा गर्छ। कहिले गुणस्तरको नाममा, कहिले भन्सार दर बढाएर त कहिले अरू नै बहानाबाजी गरेर नेपाली उत्पादनलाई भारतीय बजारमा सहज पहुँचबाट रोक्ने गर्छ। यसले भारतीय बजारमा प्रतिस्पर्धा गर्न सक्ने नेपाली उत्पादनलाई अवरुद्ध मात्र गर्दैन, उत्पादन बढाउन आवश्यक लगानी र उत्साहलाई पनि कमजोर बनाउँछ। यसले नेपाली किसान क्रमशः कृषि पेशाबाट पलायन हुन्छन्। किसान पलायन हुँदै जाने वा कृषि कर्मदेखि विमुख हुँदै जाने हो भने एक दिन त्यस्तो अवस्था आउँछ, जुन दिन नेपाली उपभोक्ता सय प्रतिशत भारतीय कृषि उपजमा निर्भर हुनेछन्।**

**नेपाल–भारतबीचको सम्बन्ध सरकारी तहमा मात्र सीमित नरही जनसम्बन्धमा आधारित छ। जुन आत्मीय र प्रगाढ छ। यही सम्बन्धभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, सामाजिक आयाम समेटिएका छन्। यसलाई चटक्क बिर्सिएर भारतले अपनाएको कठोर व्यापारिक नीतिले नेपाली किसान र उपभोक्तालाई बारम्बार पीडित बनाइरहेको छ। नेपालीजनको समस्यालाई बेवास्ता गरेर भारतले छोटो समयमा नेपाली बजार नियन्त्रणमा लिई आफ्नो स्वार्थ साँध्न सक्ला, तर यसले दीर्घकालीनरूपमा दुवै देशबीचको जनस्तरको सम्बन्धमा दरार पैदा गर्ने निश्चित छ। अर्को कोणबाट हेर्ने हो भने भारतीय कृषि नीतिमा देखिएको असमानता नेपालको लागि अवसर पनि हो। नेपालको नीति स्पष्ट र दीर्घकालीन नहुँदा मात्रै भारतीय नीति हामीलाई समस्याजस्तो लागेको हो। आफ्नो उत्पादनको गुणस्तर सुधार, सस्तोमा उत्पादन गर्ने प्रतिस्पर्धा र अन्तर्राष्ट्रिय बजारको खोजीमा नेपालको ध्यान केन्द्रित हुनुपर्छ। यसका लागि अन्तरदेशीय व्यापार वार्ता साथै नेपाल र भारतबीच पनि वार्ताको माध्यमबाट व्यापारिक नीतिमा समन्वय, पहल र द्विपक्षीय समझदारी कायम गर्नुपर्छ। यसका साथै भारतीय कृषि उपजमा भर पर्नुभन्दा स्वदेशी उत्पादनलाई सशक्त बनाउदै आत्मनिर्भरता र प्रतिस्पर्धात्मक क्षमताका लागि राज्यले दीर्घकालीन योजना अघि सार्नु जरुरी छ।**

# कान्तिपुर कनक्लेभ र नेपालको भविष्य

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**आजसम्ममा सातपटक संविधान फेरिंदासमेत प्राप्त गर्न नसकिएको आर्थिक गति के अब हुने संशोधनले देला त ? उत्तर प्रत्यक्ष छ, त्यो के भने देश जसरी चल्दै आएको थियो, त्यसरी नै चल्नेछ। Economic Power चिल्लाहरूको हातमा रहेकोले देश उनीहरूकै इच्छा अनुसार चल्ने नै सम्भावना बलियो छ।**

बुधवार १३ नवम्बरका दिन नेपालको सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले उद्घाटन गरेको कान्तिपुर कनक्लेभको पहिलो दिन छवटा (1) Democracy at Cross Roads (2) Policy and Prosperity (3) Wave of Populism (4) Social Medies : A Double Edge Sword (5) Pen and Power (6) Three Decades of Nepali Democracy and Journalism र (7) Path of Prachand–Street or State ? माथि देश–विदेशका विद्वान् वक्ताहरूले आआफ्नो विचार प्रकट गरेका थिए। उद्घाटन मन्तव्यमा प्रधानन्यायाधीशले न्यायपालिका प्रजातन्त्रको जग भएकोले यसमा शुद्ध (पवित्रता, समग्रता र प्रतिबद्धता) नेतृत्वको अगुवाइमा समयसापेक्ष सुधारहरू भइराख्नुपर्ने भन्दै मन्तव्य दिंदै न्यायिक स्वतन्त्रताका लागि कुनै प्रकारको हस्तक्षेप हुन नहुनेमा जोड दिनुभएको थियो।

यसै शीर्षकमा बोल्दै नोबेल शान्ति पुरस्कार विजेता कैलाश सत्यार्थीले प्रजातन्त्रको स्तम्भ मानिएको न्यायपालिका र सञ्चारजगत्को राजनीतीकरणको कारण पारदर्शिताको कमी र भ्रष्टाचार तथा जिम्मेवारीबोधसमेत घट्दै जाने भएकोले यस्ता संस्थाहरूले न्याय र सत्यताको बाटो छाडी राजनीतिसँग साइनो गाँस्न पुग्ने गरेकोले आम जनतामा विश्वासको कमी बढ्दै जाने र प्रजातन्त्रप्रति पनि तृष्णा बढ्ने मनसाय राख्दै अहिले शक्तिशाली समूहहरूले सामाजिक सञ्जालको प्रयोग गरी प्रशस्त मात्रामा असत्य समाचारहरू दिने गरेकाले पनि आम जनता भ्रममा पर्न जाने र यसबाट सामाजिक ध्रुवीकरणसमेत भइरहेको छ। यसका साथै सरकारी सेवाप्रदायकहरू सामाजिक न्यायको सिद्धान्तको विपरीत कार्य गरिरहेकाले पनि प्रजातन्त्र कमजोर हुँदै गइरहेको औंल्याउनुभएको थियो

Policy and Prosperity शीर्षकमा आएको मन्तव्य राख्दै पूर्वअर्थमन्त्री एवं गभर्नर युवराज खतिवडाले राजनीतिक परिवर्तनको गतिसँग मेल खानेगरी आर्थिक नीतिहरू ल्याउन नसकिएको भनाइ राख्दै हाम्रा नीतिहरूले राजनीतिक परिवर्तनको मर्मलाई आत्मसात् गर्न नसकेको विचार व्यक्त गर्नुभयो। सङ्घीयतातर्फ अङ्कित गर्दै उहाँले यो रातारात फल दिन नसक्ने र एक दशकमा यसको कार्यान्वयन नै अपूरो रहेको औंल्याउनुभएको थियो भने उद्योगपति विनोद चौधरीले निजी क्षेत्रले भोगेका चुनौतीहरूको उल्लेख गर्नुहुँदै कानूनी दायरामा रहेर व्यवसाय गर्दा पनि निजी क्षेत्र विरोधको तारो बनिरहेको छ भन्नुभयो। Wave of Populism शीर्षक अन्तर्गत गत बोल्दै भारतीय राजनीति विज्ञानी प्रतापभानु मेहताले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई Populist नेता हुन् भन्दै तर आफूले नेपालमा यस्ता नेता नदेखेको भन्नुभयो। Populism को बारेमा चर्चा गर्दै उहाँले यस्तोमा "The nation has a kind of singular nationality and should be dominated by one particular group." Radical elements of anti-elitism populism को दोस्रो विशेषता हो भने यसमा ethno-identity राजनीति पनि सम्मिलित हुन्छ। नेपालको वर्तमान राजनीतिप्रति सबैको चासो रहेकोमा कनक्लेभको पहिलो दिन नै 'Democracy at cross Roads' शीर्षकमा भाग लिंदै नेकाका महासचिव गगन थापाले दलहरूको सदस्यता वितरणमा र आन्तरिक चुनाव असाधारण मान्न सकिन्छ किनभने यसले वर्षौंदेखि एउटै अनुहार चुन्दै आएको छ।

सरकार अहिले राजनीतिक दल र चुनाव सम्बन्धित कानून परिमार्जन गर्न लागेको छ। यही बेला संसाधनको प्रयोगका साथै आन्तरिक चुनाव समान सहभागिता एवं पारदर्शिता हुनेगरी कानून निर्माण गर्न अपरिहार्य छ भन्ने भनाइ व्यक्त गर्नुभयो भने एकीकृत समाजवादी पार्टीकी रामकुमार झाँक्रीले पनि सन् १९९० देखि नै प्रायः सबै दलमा एउटै नेताको हालीमुहाली रहेको तर नेतृत्वले राजनीतिलाई आम जनताको जीवनशैली र सामाजिक न्यायको सिद्धान्त अनुसार चलाउन भने नसकेको मन्तव्य राख्नुभएको थियो। दोस्रो दिन Electoral Reform: Policy or Practise शीर्षकमा प्रमुख निर्वाचन आयोगले नेपालको संविधानले मर्यादित चुनावको फ्रेमवर्क प्रदान गरेको छ तर कुनै पनि प्रणालीमा कानून, नीति र कार्यनीतिहरूमा समय र आवश्यकता अनुसार सुधारको खाँचो पर्छ। यसका लागि निर्वाचन आयोगलाई पूर्ण स्वतन्त्र निकाय बनाउनु जरुरी छ।

वर्तमान समयमा निर्वाचन आयोगले अन्य प्रजातान्त्रिक देशहरूभन्दा बेग्लै सरकारले निर्वाचनको मिति तोकेपछि आयोग तयारीमा लाग्नुपर्ने बाध्यताले विभिन्न बाधा–व्यवधान खडा भइरहेको उल्लेख गर्नुभयो। भारतका पूर्व प्रमुख निर्वाचन आयुक्त एसवाई कुरैसीले अर्थपूर्ण निर्वाचन प्रणाली सुधारको लागि राजनीतिक सहमति र दृढ इच्छाशक्ति चाहिन्छ, जुन दक्षिण एशियामा विरलै देख्न पाइन्छ। निर्वाचनमा समावेशी, पैसा, शक्ति र आपराधिक प्रभावले यस क्षेत्रमा निष्पक्ष निर्वाचनको लागि चुनौती नै खडा गरेको उल्लेख गर्नुभयो र साथै नेपालमा महिलाहरूको लागि ३३ प्रतिशत आरक्षणको प्रशंसा गर्दै नेपालले सन् २०१५ मा नै यो गरिसकेको तर भारतले २०३० देखि गर्ने भएको र हाल भारतमा महिला सहभागिता १०–११ प्रतिशतसम्म मात्र रहेको भन्नुभयो। एमाले महासचिव शङ्कर पोखरेलले तीन प्रतिशतको थ्रेसहोल्ड पाँच प्रतिशत पुऱ्याउनुपर्ने तथा वर्तमानको मिश्रित चुनावी प्रणालीले कुनै एक दलले निर्वाचनमा बहुमत पाउने नसक्ने अवस्था देखिएकोले समानुपातिक व्यवस्थालाई प्रत्यक्ष निर्वाचन प्रणालीमैं गाभ्नु उपयुक्त हुने, सङ्घीयतालाई बलियो बनाउन प्रदेशलाई कानूनीरूपमा संविधानमा व्यवस्था गरिएका अधिकारहरू नौ वर्ष बितिसक्दा पनि दिनमा भइरहेको ढिलाइले सङ्घीयतालाई कमजोर बनाउने भएकोले प्रदेशलाई बलियो बनाउनुपर्ने भनाइ राख्नुभयो भने जनमत पार्टीका अध्यक्ष डा सिके राउतले समानुपातिक प्रणालीप्रति समर्थन जनाउँदै समावेशिताको लागि सयभन्दा बढी भाषाको विविधता भएको देशको लागि आवश्यक रहेको भनाइ राख्नुभएको थियो भने प्रदेशका मुख्यमन्त्रीहरूले केन्द्रप्रति अधिकार नदिएकोमा आक्रोश व्यक्त गर्नुभएको थियो।

समग्रमा कनक्लेभमा व्यक्त विचारहरूको मन्थन गर्दा निर्वाचन आयोगको स्वतन्त्रता, नेतृत्व परिवर्तन, दलहरूभित्र आन्तरिक प्रजातन्त्र आदि जस्ता कुराहरू वर्तमान शासकमण्डलीको अरुचिको विषय भएकोले केही नहुने, थ्रेसहोल्डमा विवादको अवस्था हेरी निर्णय लिइने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाइ त्यसलाई समानुपातिक प्रतिनिधित्वबाट गठन गर्ने र संसद् प्रत्यक्ष निर्वाचनमा जानेसम्म हुन सक्ने देखिन्छ। तर राजनीतिकरूपबाट यो परिवर्तन भएपनि आर्थिक दुरवस्थामा कसरी सुधार हुन्छ भन्नेबारे ठोस चर्चा कनक्लेभमा भएको पाइँदैन। आजसम्ममा सातपटक संविधान फेरिंदासमेत प्राप्त गर्न नसकिएको आर्थिक गति के अब हुने संशोधनले देला त ? उत्तर प्रत्यक्ष छ, त्यो के भने देश जसरी चल्दै आएको थियो, त्यसरी नै चल्नेछ। Economic Power चिल्लाहरूको हातमा रहेकोले देश उनीहरूकै इच्छा अनुसार चल्ने नै सम्भावना बलियो छ।

# महिला आयोग १६ दिने अभियान मनाउन व्यस्त, पीडित प्रभावित

मधु शाही
काठमाडौं, १० मङ्सिर/रासस

तनावग्रस्त अवस्थामा राष्ट्रिय महिला आयोगको गेटैमा भेटिइन्, कलङ्की घर भएकी सीता कार्की (नाम परिवर्तन)। पतिले गरेको मानसिक र शारीरिक यातनाको पीडा बोकेर न्याय पाउने आशामा आयोग आइपुगेकी उनको पीडा सुन्ने परामर्शदाता कोही थिएनन्।

आयोगको गेटमा नाम दर्ता गर्ने र कोठा नम्बर ३०२ मा निवेदन दर्ता गर्नेबाहेक अरू परामर्शतादाता नहुँदा उनी निराशै घर फर्किइन्। सोमवारदेखि शुरू भएको १६ दिने लैङ्गिकहिंसाविरुद्धको अभियान मनाउन आयोगका सबै कर्मचारी र पदाधिकारी बिहानैदेखि ऱ्याली गर्न र होटलमा अन्तर्क्रिया गर्न व्यस्त भए। तर आयोगको कार्यालय आएका पीडितहरू भने गुनासोसम्म नसुनाइ फर्किए।

शुरूमा प्रहरी कार्यालयमा पुग्नुपर्ने भएपनि कार्कीले आयोगमा केही सुझाव लिन आएकी थिइन्। बिहे गरेको २० वर्षदेखि सम्बन्धविच्छेदको दबाब दिएको र घर छोडेर जा भन्दै धम्की दिने गरेको उनले बताइन्। उनको छोराले नै महिला आयोगमा गएर कानूनी परामर्श लिन सुझाव दिएपछि आयोग आउँदा कोही आधिकारिक व्यक्ति नभेटिएको गुनासो गरिन्। “लैङ्गिकहिंसाविरुद्धको अभियान चलेको छ भन्छन्, म आयोग आएँ सम्बन्धित व्यक्ति नभेट्दा दुःख लाग्यो,” उनले भनिन्।

१६ दिने अभियान शुरू भएको दिन नै बेलुका ४ बजेसम्म पाँचजना पीडित आयोगमा आएका थिए। कानूनी परामर्शदाता पाँचजना नै तोकिएका छन्। कार्यालयमा सामान्य कर्मचारीबाहेक सबै होटल केन्द्रित कार्यक्रममा व्यस्त थिए।

दोलखाका दानबहादुर तामाङले आफूविरुद्धको उजूरी थाहा पाएपछि बुझ्नका लागि आयोग आएका थिए। दोलखाबाट उजूरी बुझ्न आएका उनले आज आयोगमा नाम दर्ता गरेर मात्रै फर्किए। “त्यहाँदेखि आएँ आयोगमा सम्बन्धित व्यक्ति कोही भेटिएन,” उनले भने, “कार्यालय नै रित्तो बनाएर हिंड्नेहरू संस्थाप्रति गैरजिम्मेवार व्यक्ति रहेछन् भन्ने बुझें।”




गोठाटार घर भएकी अर्की पीडित झुमाकुमारी खत्री (नाम परिवर्तन) पनि पतिबाट पीडित भएको बताउँदै घरेलु हिंसाको निवेदन लिएर आयोगमा दर्ता गर्न आएकी थिइन्। उनी न्यायका लागि आयोगमा परामर्श पाउने आशामा धाइरहेकी छन्। मुद्दाका कागजातसहित उनी आयोगको कार्यालय आइपुगेकी थिइन्। त्यहाँ आधिकारीक व्यक्ति नभएपछि कागज बोकेर घरै फर्किइन्। एक वर्षदेखि घरेलु हिंसा र दाइजोको पीडा लिएर पति र परिवारविरुद्ध उजूरी दिएकी कोटेश्वरकी रीना दाहाल पनि आयोगमा महीनौंदेखि धाइरहेकी छन्। पीडकले प्रहरीसमक्ष उपस्थित हुन आनाकानी गरेपछि उनी आयोगको सहयोगको अपेक्षामा छिन्। हरेक दिन उनी आयोगमा हारगुहार गर्छिन्। लैङ्गिक हिंसाविरुद्धको अभियान चलिरहँदा दाहालले प्रहरी कार्यालयदेखि आयोगसम्म सङ्घर्ष गरिरहेकी छन्। उनी भन्छिन्, “न्याय नपाएसम्म जुनसुकै अभियान चले पनि पीडितलाई केही अर्थ हुन्न।”

आयोगकी सचिव पार्वती अर्यालले पीडितको सेवा प्रभावित गर्नेगरी कार्यक्रम नगरिएको दाबी गरिन्। उनले कार्यालयमा पालैपालो गरेर उच्च अधिकारीका व्यक्ति आउने जाने भइरहेको र दुईजनामध्ये एकजना मनोपरामर्शदाता कार्यालयमैं सेवारत रहेको बताइन्। “हामीले कर्मचारीलाई आलोपालो गरेर राखेका छौं,” उनले भनिन्, “पीडित प्रभावित नहोऊन् भनेरै आलोपालो गरेका हौं।”

महिलाविरुद्धको हिंसा उन्मूलनको अन्तर्राष्ट्रिय दिवस (नोभेम्बर २५)मा शुरू भई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०) का दिन यस १६ दिने अभियान समापन हुने गर्छ। विश्वका १८७ देशले यो अभियान मनाउँदै आएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# चीन भ्रमणमा ऋणसम्बन्धी कुनै सम्झौता हुँदैन –प्रम ओली

काठमाडौं, १० मङ्सिर/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले यही मङ्सिर १७ गतेदेखि हुने आफ्नो यसपटकको औपचारिक चीन भ्रमणका क्रममा ऋणसम्बन्धी कुनै सम्झौता नहुने भ्रमण सफल हुन्छ । सरकारमा रहेका नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले)का बीचमा भ्रमणका विषयमा विवाद छ भनेर भ्रम फिजाउनुको कुनै अर्थ छैन । विश्व शान्ति र नेपालको दाहाल 'प्रचण्ड'ले आफूले विगतमा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको उल्लेख गर्दै आफूले चीन कार्ड खेल्न खोजेको भन्ने आशयले नभई मुलुककै राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने



बताएका छन् ।

आसन्न चीन भ्रमणका सम्बन्धमा सोमवार पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँगको छलफलमा प्रधानमन्त्री ओलीले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) ऋणको परियोजना नभएको उल्लेख गर्दै चीनसँग ऋण लिने र नलिने भन्ने अहिले विवादको विषय नभएको स्पष्ट गरे ।

"हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौं । ऋणको पासोमा पार्न ऋण लिइँदैछ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नुहुँदैन । चीनसँग हाम्रो लामो र मित्रवत् सम्बन्ध छ । दुई देशको मित्रतालाई थप बहुआयामिक बनाउन यो भ्रमण गर्न लागिएको हो," प्रम ओलीले भने, "हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरि प्राथमिकतामा राख्छौं । त्यस कारण यो हितमा बाहेक हामी अरू कुनै काम गर्दैनौं । यसमा ढुक्क हुन आग्रह गर्छु ।"

प्रधानमन्त्री ओलीले चीन भ्रमणमा विशेषगरी विगतमा भएका सहमति र सम्झौताको प्रभावकारी कार्यान्वयनका साथै प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल हुनेगरी तयारी भएको जानकारी दिए । उनले अर्को छिमेकी भारतसँग पनि उस्तै मित्रवत् सम्बन्ध रहेको स्पष्ट गर्दै दुई देशको मैत्री सम्बन्धको लाभ नेपालको आर्थिक विकासमा हुनेगरी लिन सक्नुपर्नेमा जोड दिए ।

नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुने भएकाले यस्ता विषयलाई कुनै देशविरुद्ध 'कार्ड'का रूपमा कसैले लिन नहुने प्रधानमन्त्री ओलीले आग्रह गरे ।

छलफलमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल भनी अभिव्यक्ति दिएको स्पष्ट गरे । उनले गत वर्ष आफू प्रधानमन्त्री हुँदा चीनसँग भएका सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चीन भ्रमणका सवालमा सत्तारूढ दुई दलीय संयन्त्रबाट 'एजेन्डा'का विषयमा गृहकार्य भइरहेको र प्रधानमन्त्री तहबाट चाँडै सबै एजेन्डालाई अन्तिम रूप दिइने बताए । उनले यस विषयमा दुई दलमा बाहिर आए जस्तो कुनै विवाद नरहेको बताए ।

छलफलमा नेपाली काङ्ग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा काठमाडौं उपत्यकाबाहिर रहेका कारण अनुपस्थित थिए भने पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र माधवकुमार नेपाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वपरराष्ट्रमन्त्रीहरू ईश्वर पोखरेल, नारायणकाजी श्रेष्ठ, भेषबहादुर थापा, एनपी साउद, महेन्द्रबहादुर पाण्डे, डा प्रकाशचन्द्र लोहनी, डा विमला राई पौड्याललगायत सहभागी थिए ।



**काठका परम्परागत मौरीघार:** मुगु छायानाथ रारा नगरपालिका–६ लिउडी गाउँका मौरीपालक किसान रूपबहादुर सेजुवालले घरमा राखेका परम्परागत मौरीका काठका घारहरू । घरमा ६० वटा काठका घार राखेका सेजुवालले मह बिक्रीबाट वार्षिक चार लाख बढी आम्दानी गर्छन् । तस्बिरः नृपेन्द्रबहादुर मल्ल/रासस

# जनसङ्ख्या र विकाससम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

काठमाडौं, १० मङ्सिर/रासस

जनसङ्ख्या र विकासलाई सन्तुलित ढङ्गले सँगसँगै लैजान आवश्यक नीतिगत व्यवस्थाका लागि साझा अवधारणा तयार गर्ने ध्येयका साथ यही मङ्सिर १२ देखि १५ गतेसम्म काठमाडौंमा जनसङ्ख्या र विकाससम्बन्धी छैटौं अन्तर्राष्ट्रिय सम्मेलन हुँदैछ ।

त्रिभुवन विश्वविद्यालय, जनसङ्ख्या अध्ययन केन्द्रीय विभागको आयोजनामा हुने सम्मेलनमा चीन, अमेरिका, युरोप, अस्ट्रेलिया, दक्षिणपूर्वी एशिया र एशियाली क्षेत्रका ३५ भन्दा बढी मुलुकका पाँच सयभन्दा बढी जनसङ्ख्या र विकास क्षेत्रका प्राध्यापक, नीति निर्माता, अनुसन्धानकर्ता, विद्यार्थी र विषयविज्ञको सहभागिता रहनेछ ।

सम्मेलनमा विभिन्न १७ वटा विषय र क्षेत्रमा केन्द्रित रहेर छलफल हुनेछन् । पछिल्लो समय जन्मदर घटिरहेको सन्दर्भमा जनसङ्ख्याको व्यवस्थापन कसरी गर्ने भन्नेबारे विशेष छलफल हुने जनाइएको छ । "यस अवस्थामा जनसङ्ख्या र विकासबीच कसरी तादम्यता मिलाउन सक्छौं, यसका लागि नीति निर्माताले के गर्नुपर्छ, विश्वविद्यालयमा कस्तो पाठ्यक्रम राख्नुपर्छ भन्नेबारेमा छलफल हुनेछ," विभागका सहप्राध्यापक एवं नेपाल जनसङ्ख्या सङ्घका अध्यक्ष डा पदम खतिवडाले भने ।

सम्मेलनमा नेपालका तर्फबाट प्रजननदर, जन्मदर र बसाइँसराइलगायत जनसाङ्ख्यिक परिवर्तनका बारेमा विशेष प्रस्तुति रहनेछ । पार्किन्सनलगायत नसर्ने रोगका विषयमा पनि सम्मेलनमा छलफल हुने कार्यसूची छ । नेपालमा लैङ्गिक समानता, समावेशिता र सामाजिक सुरक्षालगायत संवैधानिक हकको कार्यान्वयन अवस्थाका बारेमा पनि छलफल हुनेछ ।

सम्मेलनमा विकास र जनसङ्ख्याका क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि, भोग्नुपरेका चुनौती र त्यसको सामनाका लागि अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान हुनेछ । जनसङ्ख्या र विकासका क्षेत्रमा कसरी परिवर्तन हुँदै आइरहेको भन्नेमा छलफल हुने सङ्घका अध्यक्ष डा खतिवडाले बताए ।

एशिया प्यासेफिक क्षेत्रमा भएका जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ र औसत आयु बढ्दा परेको पारिवारिक असर र प्रभाव तथा विकास नीति, योजनाले परिवर्तित जनसङ्ख्याको लाभ लिने र धान्नेबारेमा छलफल केन्द्रित हुने त्रिवि, जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका प्रमुख एवं प्राडा योगेन्द्र गुरुङले जानकारी दिए । सम्मेलनको निष्कर्षबाट आगामी दिनमा जनसङ्ख्या नीति निर्माण गर्न सघाउ पुग्ने विश्वास गरिएको उनको भनाइ छ ।

जनसङ्ख्या र विकासबीच संयोजन गर्ने मुख्य उद्देश्यले सन् २०१० देखि सम्मेलन हुँदै आएको छ । पहिलो सम्मेलन भारतको नयाँ दिल्ली, दोस्रो थाइल्यान्डको बैंकक, तेस्रो मलेशियाको क्वालालम्पुर, चौथो चीनको साङ्घाई र पाँचौं इन्डोनेशियाको जाकर्तामा सम्पन्न भएको थियो ।

# पुल नबन्दा स्थानीयलाई सास्ती

कुनौली (सप्तरी), १० मङ्सिर/रासस

सप्तरीको राजगढ गाउँपालिका–६ स्थित मुतनीखोलामा बरदाही र कुरनमा गाउँलाई जोड्ने पुलको निर्माण थालिएको एक दशकभन्दा बढी समय भइसक्दा पनि पुल बन्न सकेको छैन ।



पुल नबन्दा यस क्षेत्रका बासिन्दलाई आवतजावतमा सास्ती भइरहेको छ । पुल नहुँदा कुरनमा, बरदाही, बनैनियाँ, मोहनपुर, रम्पुरा, फकिरा, कन्कटालगायतका स्थानीयलाई समस्या भइरहेको स्थानीयवासी रमानन्द शर्माले बताए । वर्षायाममा नदीछेउमैं रहेको जनता प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकालाई आवतजावतमा निकै समस्या भइरहेको उनले बताए । "वर्षायाममा समस्या भएकाले यहाँका बालबालिका अर्को विद्यालय रोज्न बाध्य छन् । चार किलोमिटर टाढा रहेको विद्यालय जाने नदीमा पुल नहुँदा वर्षायाममा समस्या हुन्छ । हरेक वर्ष यस्तै समस्या हुने भएपछि विद्यालय जानबाट वञ्चित हुनुका साथै कतिपयले विद्यालय छोडिरहेका छन् ।"

राजगढ गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डलले पनि यहाँ पुल नबन्दा स्थानीयलाई पालिका आउन पनि लामो दूरीको बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको बताए ।

विसं २०६९ मा काठमाडौंस्थित नीलगिरि निर्माण सेवाले रु एक करोड सात लाखमा पुल निर्माणको ठेक्का पाएर निर्माण काम शुरू गरेको थियो । दुई वर्षमा काम सम्पन्न गर्ने भनिए पनि छ वर्ष बितिसक्दा पनि पुल निर्माण हुन सकेको छैन । दुईवटा पिलर (वेल) मात्र बनाएर काम रोकिएको छ ।

सडक डिभिजन कार्यालय, लहानले कम्पनीसँगको ठेक्का तोडिसकेको छ । कार्यालय प्रमुख आशुतोष कर्णले निर्माण कम्पनीले समयमैं काम सम्पन्न नगरी अलपत्र पारेपछि ठेक्का तोडिएको बताए ।

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाडौं, १० मङ्सिर/रासस

यो साता कारोबारको पहिलो दिन घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सोमवार भने दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक आज १५ दशमलव ८३ अङ्कले बढेर दुई हजार ६८३ दशमलव २४ को बिन्दुमा कायम भएको हो ।

आज ३०९ कम्पनीका एक करोड २२ लाख ६३ हजार ७८० कित्ता शेयर ६५ हजार ८२४ पटक किनबेच हुँदा रु छ अर्ब ३४ करोड ५८ लाख नौ हजार ५९७ बराबरको कारोबार भएको छ । उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २३ र म्युचुअल फन्ड शून्य दशमलव ३२ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन् ।

सबैभन्दा धेरै वित्त समूह दुई दशमलव २७ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ११, विकास बैंक एक दशमलव २१, होटल तथा पर्यटन एक दशमलव २४, जलविद्युत् शून्य दशमलव ४४ र लगानी समूह एक दशमलव ०५ प्रतिशतले बढेका छन् ।

त्यस्तै, जीवन बीमा शून्य दशमलव २३, लघुवित्त शून्य दशमलव १९, निर्जीवन बीमा एक दशमलव २७, व्यापार शून्य दशमलव ०९ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले बढेका छन् । बेस्ट फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने ङादी ग्रुप पावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रु ५४ करोड सात लाख ५० हजार ६७८ बराबरको १० लाख ७७ हजार ६८५ कित्ता शेयर किनबेच भएका छन् ।



**प्यारापिटः** कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा निर्माणाधीन प्रदेश रङ्गशालामा निर्माणाधीन अवस्थामा रहेको भिआइपी प्यारापिट ।

तस्बिरः सुरेश आचार्य/रासस


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## सच्याइएको

यस दैनिकको २०८१ कात्तिक ३० गते शुक्रवारको अङ्कको चौथो पृष्ठमा प्रकाशित **"धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१)सँग सम्बन्धित) आव २०८१/८२ को पहिलो त्रैमासिक प्रतिवेदन"** समृद्धि फाइनान्स कम्पनी लि. (नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था)को हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । विज्ञापन शाखा

# ब्लूस्काईको धेरै मानिस प्रयोगकर्ता बन्दैछन्

ब्लूस्काई के हो ?

ब्लूस्काईले आफूलाई सामाजिक सञ्जाल प्लेटफर्म भन्छ। यो स्वाभाविक पनि हो । यद्यपि यो देख्दा अरू कुनै साइटजस्तै देखिन्छ।




यसको पृष्ठमा बायाँपट्टि एक बार छ, जसमा खोजी, सूचना, होमपेज र अन्य विभिन्न विकल्पहरू छन्, जसको तपाई अपेक्षा गर्न सक्नुहुन्छ।

यस प्लेटफर्ममार्फत मानिसहरूले पोस्ट, टिप्पणी र मनपर्ने सामग्रीलाई पुनः पोस्ट र लाइक गर्न सक्छन्।

सजिलो भाषामा भन्ने हो भने, यो एक्स (पहिलेको ट्विटर) जस्तै देखिन्छ।

एक्ससँग तुलना गर्दा यसको मुख्य भिन्नता डिसेन्ट्रलाइजेशन (विकेन्द्रीकरण) हो। वास्तवमा यो एक जटिल शब्द हो।

यसको अर्थ प्रयोगकर्ताहरूले आफ्नो डेटा कम्पनीले प्रयोग गर्ने सर्भरहरूबाहेक अन्य सर्भरमा पनि होस्ट गर्न सक्छन्।

यसको अर्थ प्रयोगकर्ताको खाता ब्लूस्काईको नाममा बनेको खातामा मात्र सीमित हुनेछैन।

यदि मानिसहरूले चाहेमा, आआफ्नो छुट्टै खाताबाट पनि यसमा साइन-अप गर्न सक्छन्।

तर यहाँ यो उल्लेख गर्नु महत्त्वपूर्ण छ कि अधिकांश मानिसले यस्तो गर्दैनन्।

अधिक सम्भावना छ कि नयाँ आउने प्रयोगकर्ताहरूले आफ्नो थरको अगाडि ".bsky.social" राख्न रुचाउनेछन्।

ब्लूस्काईको मालिक को हो ?

यदि तपाई सोच्दै हुनुहुन्छ कि ब्लूस्काई धेरै हदसम्म एक्स जस्तै महसुस हुन्छ भने, यसको कारण थाहा पाएर तपाईलाई त्यति अचम्म लाग्दैन, किनभने यसलाई ट्विटरका पूर्वप्रमुख ज्याक डोर्सीले निर्माण गरेका हुन्।

उनले एकपटक यसो पनि भनेका थिए कि उनी ब्लूस्काईलाई ट्विटरको विकेन्द्रीकृत संस्करण बनाउन चाहन्छन्।

यसको अर्थ कुनै पनि व्यक्ति वा संस्था यसको एकमात्र मालिक हुनुहुँदैन।

तर ज्याक डोर्सी अब यसलाई विकास गर्ने टोलीका सदस्य छैनन्। उनी २०२४ को मे महीनामैं कम्पनीको बोर्डबाट बाहिरिएका छन्।

उनले सेप्टेम्बरमा यसमा बनेको आफ्नो खाता पनि हटाएका छन्।

अब यसलाई प्रमुख कार्यकारी अधिकृत जे ग्रैबरले अमेरिकी पब्लिक बेनिफिट कम्पनीको रूपमा सञ्चालन गरिरहेका छन्।

यसमा प्रायः सबैभन्दा ठूलो हिस्सेदारी पनि उमकै छ।

**ब्लूस्काई किन यति लोकप्रिय हुँदैछ ?**

ब्लूस्काईको अस्तित्व २०१९ देखि नै छ। तर त्यति बेला यसमा निमन्त्रणामार्फत मात्र मानिसहरूले साइन-अप गर्न सक्थे।

यसको यो मोडेल यस वर्षको फेब्रुअरीसम्म कायम राखियो।

यसलाई सबै प्रयोगकर्ताका लागि खुला बनाउनु अघि यसको विकासकर्ताहरूलाई पर्दा पछाडिका सबै समस्याहरू समाधान गर्ने अवसर प्राप्त भयो।

यो योजना केही हदसम्म सफल रहयो, तर नवम्बरमा यति धेरै नयाँ प्रयोगकर्ता आए कि साइटमा अवरोधको समस्या बढ्यो।

यो मात्र संयोग थिएन कि नवम्बरमा अमेरिकी राष्ट्रपतिको चुनावमा डोनाल्ड ट्रम्पको जीतपछि ब्लूस्काईका प्रयोगकर्ताहरूको सङ्ख्या अचानक बढ्यो।

वास्तवमा एक्सका मालिक एलन मस्क ट्रम्पका ठूला समर्थक हुन्। उनलाई ट्रम्प प्रशासनमा ठूलो जिम्मेवारी पनि दिइएको छ।

यो स्पष्ट छ कि ट्रम्पलाई मन नपराउने केही व्यक्तिहरूले एक्स छोडे।

सायद यस कारण पनि ब्लूस्काईका प्रयोगकर्ताहरूको सङ्ख्या बढ्यो।

तर केही व्यक्तिहरूले यसका भिन्न कारणहरू पनि बताएका छन्।

जस्तै, गार्डियन पत्रिकाले एक्समा पोस्ट गर्न बन्द गर्दै यसलाई अत्यन्त खराब वातावरण भएको मिडिया प्लेटफर्म भनेको थियो।

यसैबीच, ब्लूस्काई एप विश्वभरि निकै छिटो डाउनलोड भइरहेको छ।

बिहीवार, बेलायतमा एप्पल एप स्टोरमा डाउनलोड हुने शीर्ष तीन निशुल्क एपहरूमा यो पनि सामेल थियो।

पप गायिका लिजोदेखि टास्कमास्टरका ग्रेग डेविससम्मका थुप्रै सेलिब्रिटीले ब्लूस्काईमा सामेल हुने घोषणा गरेका छन्।

तिनीहरूले एक्सलाई सीमित प्रयोग गर्ने वा केही अवस्थामा पूरै छोड्ने इच्छा पनि व्यक्त गरेका छन्।

बेन स्टिलर, जेमी ली कर्टिस र पेटन ओस्वाल्टजस्ता व्यक्तित्वहरू पनि ब्लूस्काईमा सामेल हुन गइरहेका छन्।

ब्लूस्काईको वृद्धि महत्त्वपूर्ण छ, तर यसले आफ्नो प्रगति त्यस समयसम्म कायम राख्नुपर्नेछ, जबसम्म यो एक्सलाई ठोस चुनौती दिने अवस्थामा आउँदैन।

एक्सले आफ्ना प्रयोगकर्ताहरूको सङ्ख्या बताउँदैन, तर यो करोडौंमा भएको अनुमान गरिन्छ। एलन मस्कले यस अघि भनेका थिए कि यस प्लेटफर्ममा हरेक दिन २५ करोड प्रयोगकर्ता आउँछन्।

**ब्लूस्काई कसरी आम्दानी गर्छ ?**

अन्ततः ब्लूस्काईको आम्दानी कसरी हुन्छ ? यो ठूलो प्रश्न हो।

केही लगानीकर्ताहरू र भेन्चर क्यापिटल फर्मबाट वित्तीय सहयोग लिएर ब्लूस्काई शुरू गरिएको थियो।

यसबाट उसले करोडौं डलरको पूँजी सङ्कलन गरेको छ।

तर यतिधेरै नयाँ प्रयोगकर्ताहरू आएपछि उसका खर्च पनि बढ्नेछन्, र यसलाई पूर्ति गर्न उसले उपायहरू पनि खोज्नुपर्नेछ।

ट्विटरका राम्रो दिनमा यसको आम्दानीको अधिकांश हिस्सा विज्ञापनबाट आउँथ्यो।

ब्लूस्काईले भनेको छ कि ऊ विज्ञापनबाट टाढा रहन चाहन्छ, यसको सट्टा भुक्तानी सेवाहरूमार्फत आम्दानीको उपाय खोज्नेछ।

उदाहरणका लागि, यसले प्रयोगकर्तालाई उनीहरूको नामबाट अनुकूलित डोमेन प्रदान गरेर शुल्क लिन सक्छ।

आम्दानीको यो मोडेल जटिल देखिन्छ, तर यस्ता अनुकूलित डोमेनले यसलाई बढी व्यक्तिगत बनाउँछ।

जस्तै, मेरो प्रयोगकर्ता नाम @twgerken.bsky.social भन्दा @twgerken.bbc.co.uk बढी आधिकारिक देखिन सक्छ।

यो विचारको समर्थकहरूले भनेका छन् कि यो एक प्रकारको प्रमाणीकरणको रूपमा काम गर्नेछ।

अर्थात्, जसको यस वेबसाइटमा स्वामित्व छ, उसले यसलाई प्रयोगको अनुमति दिनुपर्नेछ।

यदि ब्लूस्काईका मालिकहरूले विज्ञापन चाहँदैनन् भने, तिनीहरूले आम्दानीका लागि सदस्यता बेच्ने जस्ता व्यापक उपायहरू गर्नुपर्नेछ।

त्यसपछि मात्र यसले आफ्नो यात्रा जारी राख्न सक्छ।

तर यदि यसले धेरै पैसा कमाएको छैन भने, यो असामान्य कुरा होइन, किनभने अधिकांश प्रविधि स्टार्टअपहरूको यस्तै अवस्था हुन्छ।

**एलन मस्कले २०२२ मा ट्विटर किनेका थिए।**

यस अघि ट्विटरले सार्वजनिकरूपमा कारोबार गर्न थालेका आठ वर्षमा आफ्नो नाफा मात्र दोब्बर गर्न सकेको थियो।

यद्यपि हामी सबैलाई थाहा छ, जब मस्कले एक्स किनेका थिए, त्यस बेला कस्तो सम्झौता भएको थियो।

त्यस बेला जसको यसमा स्वामित्व थियो, मस्कले उनलाई ४४ अर्ब डलर दिएका थिए। हाललाई ब्लूस्काईको भविष्य कस्तो हुनेछ भन्ने थाहा छैन।

तर यदि यो अहिलेको गति अनुसार बढिरहयो भने, केही पनि सम्भव छ।

(स्रोत: बिबिसी)


# सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै

राजविराज, १० मङ्सिर/रासस

केही वर्ष अघिसम्म सरकारी विद्यालय भन्ने बित्तिकै विद्यार्थी मात्र होइन अभिभावक पनि हिच्किचाउने गर्थे। खडक नगरपालिका-७ स्थित जनता राष्ट्रिय आधारभूत विद्यालयमा पनि केटाकेटी पढाउन अभिभावक त्यसैगरी हिच्किचाउँथे। विद्यालयको भौतिक संरचनाका कारण पनि विद्यार्थी विद्यालयमा आकर्षित हुन सकेका थिएनन्।

हाल विद्यालयको भौतिक संरचना मर्मत गरी रङ लगाएर चिटिक्क पारिएको छ। विद्यार्थीको सङ्ख्या पनि भरिभराउ छन्। यहाँ निजी विद्यालयमा महँगो शुल्क तिर्न नसक्ने र कम आयस्रोत भएका अभिभावकले छोराछोरी यही विद्यालयमा भर्ना गरेका छन्। उचित

(बाँकी पाँचौं पातामा)




**विद्यालय चौरमा बसेर पढ्दै विद्यार्थी:** चीसो बढेसँगै विद्यालय परिसरमा घाममा बसेर पढ्दै बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित ज्योति विकास माध्यमिक विद्यालयका बालबालिका। तस्बिरः डम्मर बुढामगर/रासस

## फरक समाचार

### ३० वर्ष अघि अन्तिमपटक देखिएको चरा अब विलुप्त घोषित

कहिलेकाहीं विलुप्त मानिएका प्रजातिहरू ती स्थानमा फेरि फेला पर्छन्, जहाँ तिनीहरू कहिल्यै देखिएका थिएनन्। जलवायु परिवर्तनले एक अर्को शिकारलाई निलेको छ, स्लेन्डर-बिल्ड कर्ल्यू नामक प्रवासी समुद्री चरा। आइएफएल साइन्सको रिपोर्ट अनुसार वैज्ञानिकहरूले वर्षौंको खोजपछि यस चरालाई निश्चितरूपमा मृत घोषित गरेका छन्।

रोयल सोसाइटी फर द प्रोटेक्शन अफ बर्ड्स (आरएसपिबी)ले आइएफएल साइन्सलाई दिएको बयानमा भनेको छ- "यो मुख्य भूमि युरोप, उत्तरी अफ्रिका र पश्चिम एशियाबाट कुनै पनि पक्षी प्रजातिको पहिलो ज्ञात विलुप्ति हो।" स्लेन्डर-बिल्ड कर्ल्यूलाई गर्मी महीनामा साइबेरियामा प्रजननका लागि चिनिन्थ्यो।



जाडो महीनामा अन्य प्रवासी चराहरू जस्तै, यो पनि तातो क्षेत्रमा उडेर जान्थ्यो। जबकि अन्य चराहरू दक्षिणतर्फ ट्रपिक्स वा अस्ट्रेलियातर्फ उड्थे भने कर्ल्यूको यो प्रजाति भूमध्यसागरको दिशामा जान्थ्यो।

वैज्ञानिकहरू भन्छन् कि भूमध्यसागरमा जाने पक्षीहरू राम्ररी बाँचिरहेका छन्, किनभने तिनीहरूले मानव सभ्यताको विकाससँग समायोजन गर्न पर्याप्त समय पाएका छन्। बयानमा भनिएको छ, "पातलो-चुच्चो भएको कर्ल्यूको प्रजनन र गैरप्रजनन क्षेत्रहरूमा प्रमाण खोज्नका लागि दशकौं लामो प्रयास गरियो, तर सबै असफल साबित भए।" स्लेन्डर-बिल्ड कर्ल्यूलाई अन्तिमपटक विश्वसनीयरूपमा सन् १९९५ मा मोरक्कोमा देखिएको थियो।

सन् २००१ मा पनि यसलाई देखिएको सूचना प्राप्त भएको थियो, तर यसको आधिकारिक पुष्टि गरिएको थिएन। वैज्ञानिकहरू विश्वास गर्छन् कि यो चरा आफ्नो अन्तिम आधिकारिक झलकपश्चात् नै विलुप्त भइसकेको छ। उनीहरू भन्छन् कि ९६ प्रतिशत सम्भावना छ कि यो चरा पृथ्वीमा कतै छैन।

**औपचारिक विलुप्ति घोषणा**

ध्यान दिनलायक कुरा के हो भने कहिलेकाहीं विलुप्त मानिएका प्रजातिहरू ती स्थानहरूमा फेरि फेला पर्छन्, जहाँ तिनीहरू कहिल्यै देखिएका थिएनन्। तर पछिल्लो अध्ययनका लेखकहरूले यस चरालाई विलुप्त घोषित गर्नु अघि धेरै कारकमा विचार गरेका थिए, जसमा उनीहरूको अगाडि आउने खतरा पनि समावेश छन्।

यो चरालाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (IUCN)को रेड लिस्टद्वारा औपचारिकरूपमा विलुप्त घोषित गरिने छ। उनीहरूले यस चराबारे निष्कर्षमा पुग्न रिपोर्टको अध्ययन गर्नेछन्, जसलाई हाल 'गम्भीररूपमा लुप्तप्राय:'को श्रेणीमा सूचीबद्ध गरिएको छ।

### प्रेममा उमेरको अन्तर : फाइदा कि नोक्सान

आजभोलि सम्बन्धमा उमेरको फरक हुनु सामान्य कुरा हो, र यसको चलन बढ्दै गएको छ। चाहे बलिउडका सेलिब्रिटीहरू हुन् या साधारण व्यक्ति, यस्ता सम्बन्धहरू अहिले सामान्य मान्न थालिएका छन्।

मनोविज्ञानका अनुसार उमेरको फरकले सम्बन्धलाई विशेष बनाउन सक्छ, तर यसका केही चुनौतीहरू पनि छन्।

**उमेरमा फरक भएका सम्बन्ध किन बढिरहेका छन् ?**

अहिलेका मानिसहरू खुला विचारका छन्। प्रेम र विवाह जस्ता सम्बन्धहरूले अब उमेर, जात र धर्मका सीमाहरू तोडिरहेका छन्। सामाजिक सञ्जाल र अनलाइन डेटिङ प्लेटफर्महरूले यस प्रवृत्तिलाई अझै बल दिएको छ। मानिसहरू आफ्नो पार्टनरमा उमेरभन्दा भावनात्मक सम्बन्ध र आपसी समझदारीलाई प्राथमिकता दिन थालेका छन्।

**उमेरमा फरक भएका सम्बन्धका फाइदाहरू**

**१. फरक दृष्टिकोण**

उमेरमा ठूलो अन्तरले दुवै पार्टनरका दृष्टिकोण र अनुभवहरूमा विविधता ल्याउँछ। यसले सम्बन्धमा नयाँ कुरा सिक्न र बुझ्न मौका दिन्छ।

**२. राम्रो भावनात्मक सम्बन्ध**

धेरैजसो सम्बन्धमा बढी उमेरका पार्टनरमा परिपक्वता बढी हुन्छ, जसले गर्दा उनीहरू आफूभन्दा कम उमेरका पार्टनरलाई राम्रोसँग बुझ्न र सम्बन्धलाई सम्हाल्न सक्छन्।



**३. स्थिरता र सुरक्षा**

बढी उमेरका पार्टनर प्रायः आर्थिक र भावनात्मकरूपमा स्थिर हुन्छन्, जसले सम्बन्धलाई मजबूत बनाउँछ।

**उमेरको फरक भएका सम्बन्धका नोक्सान**

**१. सामाजिक दबाब**

अझै पनि कतिपय ठाउँमा यस्ता सम्बन्धहरूलाई समाजले स्वीकार गर्दैन। मानिसहरूको आलोचना र सामाजिक दबाबले सम्बन्धमा असर पार्न सक्छ।

**२. भविष्यका प्राथमिकतामा अन्तर**

उमेरमा बढी फरकका कारण दुवै पार्टनरका प्राथमिकता र जीवनप्रतिको दृष्टिकोण फरक हुन सक्छन्, जुन झगडाको कारण बन्न सक्छ।

**३. स्वास्थ्य र ऊर्जाको अन्तर**

बढी उमेरका पार्टनरको शारीरिक ऊर्जा र स्वास्थ्यमा कमी आउँदा सम्बन्धमा कठिनाइ उत्पन्न हुन सक्छ।

उमेरमा बढी अन्तर भएका सम्बन्धहरू आजकल सामान्य हुँदै गएका छन्, तर यसलाई कसरी निभाउने भन्ने कुरा व्यक्तिगत क्षमतामा निर्भर गर्छ। यस्ता सम्बन्धहरूमा प्रेम, आपसी समझदारी र सम्मान सबैभन्दा महत्त्वपूर्ण हुन्छन्।

यदि तपाई एकअर्कालाई राम्ररी बुझ्नुहुन्छ भने, समाजका धारणाहरूलाई बेवास्ता गरेर उमेरमा बढी फरक मात्र एउटा सङ्ख्या जस्तै हुनेछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बारुदी सुरुङ खतराका लागि सबैभन्दा जोखिमयुक्त देश म्यान्मा –राष्ट्रसङ्घ

जेनेभा, १० मङ्सिर/एएनआई

म्यान्मा सन् २०२३ मा एक हजार ५२ नागरिक हताहतको उच्च रेकर्डसहित बारुदी सुरुङ खतराका लागि विश्वको सबैभन्दा जोखिमयुक्त देश बनेको राष्ट्रसङ्घले जनाएको छ। राष्ट्रसङ्घका अनुसार म्यान्मामा बालबालिकाका लागि तुलनात्मकरूपमा अवस्था डरलाग्दो छ।

सामाजिक सञ्जाल एक्समा राष्ट्रसङ्घीय समाचार सेवाले म्यान्मा सबैभन्दा बढी पीडितहरूका साथ बारुदी सुरुङ खतराको मुख्य मुलुक भएको जनाएको छ।

राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) तथा बारुदी सुरुङ प्रतिबन्धित गर्ने अन्तर्राष्ट्रिय अभियानको अध्ययनका अनुसार पनि म्यान्मा बारुदी सुरुङ तथा हतियार हताहतका लागि विश्वको सबैभन्दा घातक देश बनेको छ।

पछिल्लो समयमा जुन्टाले देशव्यापी प्रतिरोधलाई दमन गर्न बारुदी सुरुङको प्रयोग र प्रभाव दोब्बर बनाइरहेको म्यान्माका विशेष प्रतिवेदक टम एन्ड्रुज र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि हेबा हाग्रास विशेष प्रतिवेदकले बताएका छन्।

बारुदी सुरुङ प्रभावले म्यान्माका बच्चाहरूमा अधिक प्रभाव पारेको युनिसेफको तथ्याङ्कले समेत प्रमाणित गरेको छ भने घर, विद्यालय, खेलमैदान, कृषिलगायतका क्षेत्रमा हतियारहरू अन्धाधुन्ध राखिनाले बालबालिकाका लागि निरन्तर जोखिम बढेको जनाइएको छ। रासस

# लेबनानमा भएको इजरायली हमलामा दर्जनौंको मृत्यु

बेरुत, लेबनान १० मङ्सिर/एएनआई

लेबनानमा भएको इजरायली हमलामा दर्जनौं मानिसको मृत्यु भएको जनाइएको छ। जसमा मध्य बेरुतको बास्टा क्षेत्रको बहुतल्ले आवासीय भवनमा भएको हमलामा २९ जनाको मृत्यु भएको छ।

इजरायली सेनाका अनुसार सेनाले १२ वटा हिजबुल्लाह कमान्ड सेन्टरमा आक्रमण गरेको थियो। हिजबुल्लाहको इन्टेलिजेन्स युनिट, कोस्ट–टु–सी मिसाइल युनिट र युनिट–४४००–सिरिया हुँदै इरानबाट लेबनानमा हतियार तस्करीका लागि सक्रिय छ।

सेनाले यी कमान्ड सेन्टरहरू इजरायलविरुद्ध आतङ्कवादी आक्रमणको योजना बनाउन, कार्यान्वयन गर्न र दक्षिणी लेबनानमा सक्रिय सैनिकहरू विरुद्ध आतङ्कवादी गतिविधिको निगरानी गर्न प्रयोग गरिएको जनाएको छ।

यसैबीच लेबनानको स्वास्थ्य मन्त्रालयले मृत्यु हुनेको सङ्ख्या वृद्धि भई २० पुगेको पुष्टि भएको तथा मृतकको सङ्ख्या अझ बढ्न सक्ने रिपोर्ट गरेको छ।

युद्धविराम प्रयासका बावजूद इजरायलले हिजबुल्लाहविरुद्ध आफ्नो सैन्य अभियान जारी राख्दा बेरुतमा हवाई आक्रमण भएको हो। सेनाले बेरुतको दक्षिणी उपनगरहरूमा हिजबुल्लाहका स्थानहरूलाई लक्षित गरी हमला गरेको पुष्टि गरेको छ।

यस अघि नै इजरायली सेनाले नागरिक क्षति कम गर्न, भवनहरू खाली गर्ने आदेश जारी गरेको थियो। गत आइतवारको हवाई आक्रमणमा हिजबुल्लाहका प्रवक्ताको मृत्यु भएपछि मध्य बेरुतमा इजरायली हवाई आक्रमणमा वृद्धि भएको सिएनएनले जनाएको छ।

इजरायली हवाई आक्रमणले पूर्वी लेबनानको बालबेक–हर्मेल क्षेत्रमा पनि प्रहार गरेको छ, जहाँ चार बालबालिका सहित कम्तिमा १३ जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्।

आक्रमणले लेबनान वरपरका क्षेत्रमा कम्तिमा ११ जनाको मृत्यु हुनुका साथै ३२ जना घाइते भएका छन् भने टायर शहर लक्षित आक्रमणमा पाँचजनाको मृत्यु तथा १९ जना घाइते भएका थिए।

सेप्टेम्बरदेखि इजरायली हवाई आक्रमणले धेरै हिजबुल्लाह कमान्डरको नरसंहार गर्नुका साथै मुख्य पूर्वाधार लक्षित गर्दा दक्षिणी लेबनानमा व्यापक विनाश निम्त्याएको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार लेबनानमा द्वन्द्वका कारण ३ हजार भन्दा बढी मानिसको मृत्यु भएको छ भने दश लाखभन्दा बढी विस्थापित भएका छन्। रासस

# ११ हजारभन्दा बढी प्यालेस्टिनी हिरासतमा

रामल्ला, १० मङसिर/क्युएनए

सन् २०२३ अक्टोबर ७ देखि इजरायलको जेलमा वेस्ट बैंक र जेरुसेलमका प्यालेस्टिनीहरूको सङ्ख्या ११,८०० भन्दा बढी पुगेको छ, जसमा ४३५ जना महिला, ७७५ बालबालिका र १३६ पत्रकार रहेका छन्।

बन्दी मामिला आयोग, प्यालेस्टिनी प्रिजनर्स क्लब, र प्रिजनर सपोर्ट एन्ड ह्युमन राइट्स एसोसिएशन (एडडमीर) ले संयुक्त विज्ञप्तिमा प्यालेस्टिनमाथि इजरायली आक्रमण शुरू भएदेखि प्रशासनिक नजरबन्द आदेश दश हजार नाघेको जनाएका छन्। जसमा नवीकरण आदेशहरू केही बालबालिका तथा महिलाहरूविरुद्ध जारी गरिएको थियो।

विज्ञप्ति का अनुसार अक्टोबर ७ देखि कम्तिमा ४५ कैदी इजरायली जेलहरूमा शहीद भएका छन्।

यसैगरी धेरैजना हिरासतमा शहीद हुनेहरूको इजरायली अधिकारीहरूले पहिचान गरेका छैनन् भने दर्जनौंलाई मृत्युदण्ड दिइएको छ।

आधिकारिकरूपमा मृतक घोषणा गरिएका ४३ जना शहीदको शव, अझै पनि इजरायली अधिकारीहरूले गुपचुप राखेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

बन्दीहरूमध्ये आक्रमण शुरू भएदेखि नै उनीहरूको घर तथा सैन्य चौकीहरूमा पक्राउ परेका, दबाबमा आत्मसमर्पण गरेका र बन्धकको रूपमा राखिएका व्यक्तिहरू समावेश छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कडापरिश्रम | वृष – चोरभय |
| मिथुन – उदरपीडा | कर्कट – मित्रमिलन |
| सिंह – धनखति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# रूसी तेल तथा ऊर्जा केन्द्रमा प्रहार

युक्रेन, १० मङ्सिर/एएफपी

युक्रेनले सोमवार रूसी क्षेत्र कालुगाको इन्धन तथा ऊर्जा सुविधामा ड्रोन हमला गरेको युक्रेनी सैन्य गुप्तचरको स्रोतले जनाएको छ।

युक्रेनी शहर खार्किभका अधिकारीहरूले रूसको सीमानजीकैको शहरको केन्द्रमा रूसी क्षेप्यास्त्र प्रहारबाट १९ जना घाइते भएको बताएका छन्।

पछिल्लो समयमा मस्को र किएभले सीमापार ड्रोन तथा क्षेप्यास्त्र आक्रमणलाई तीव्र बनाइरहेका छन्। रूसले गत हप्ता युक्रेनमा नयाँ ओरेसनिक क्षेप्यास्त्र प्रक्षेपण गरेको छ।

"युक्रेनको डिफेन्स इन्टेलिजेन्स"को अपरेशन परिणामस्वरूप रूसको कालुगा क्षेत्रस्थित इन्धन तथा ऊर्जा सुविधामा रातारात आक्रमण भएको स्रोतले जनाएको छ।

कालुगाका रूसी गभर्नरले यस क्षेत्रमा भएको ड्रोन हमलाबाट एउटा औद्योगिक उद्यममा समेत आगलागी भएको पुष्टि गरेका छन्।

स्रोतका अनुसार आक्रमणको लक्ष्य कालुगा नेफ्ट प्रोडक्ट जेएससीको तेल डिपो थियो, जुन युक्रेनविरुद्ध रूसको सशस्त्र आक्रमणलाई समर्थन गर्नका लागि प्रयोगमा छ।

यसै क्रममा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत हप्ता निप्रो शहरमा गरिएको आक्रमण सबैभन्दा नयाँ रूसी मध्य–दूरी मिसाइल प्रणालीमध्ये एक रहेको बताउँदै त्यस्ता थप परीक्षणहरू गर्ने वाचा गरेका छन्। रासस






**परालको जोहो:** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–८ स्थित ग्रामीण सडकमा हुस्सुका बीचमा पराल बोकेर हिंडिरहेका स्थानीय एक किसान। तस्बिर : सञ्जीतकुमार मण्डल/रासस

# 'क्रेडिट रेटिङ'ले नेपालमा पूँजी परिचालनका लागि अवसर देखायो – सिबिफिन

काठमाडौं, १० मङ्सिर/रासस

बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन)ले नेपालको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) बाट लगानीकर्तामाझ पूँजी परिचालनका लागि ठूलो अवसर देखाएको जनाएको छ। सिबिफिनले प्रेस विज्ञप्ति जारी गर्दै क्रेडिट रेटिङबाट नेपालमा लगानीको वातावरण राम्रो रहेको मात्र नभई सुरक्षित प्रतिफलको प्रत्याभूतिसमेत गराएको जनाएको छ।

"दक्षिण एशियाका अन्य मुलुकमध्ये छिमेकी मित्रराष्ट्र भारतभन्दा पछिको दोस्रो उच्च सार्वभौम साख मूल्याङ्कनको प्राप्तिले नेपालको साख र विश्वसनीयता बढाएको मात्र छैन, यसले अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल सुरक्षित, विश्वसनीय र भरपर्दो स्थान भएको प्रमाणितसमेत गरेको छ," सिबिफिनको विज्ञप्तिमा उल्लेख छ।

मुलुकको अर्थतन्त्रका बाह्य सूचकहरू बलियो स्थितिमा रहेका, पर्याप्त तरलतासहित न्यून ब्याजदर कायम हुँदाहुँदै पनि अपेक्षितरूपमा कर्जा लगानी विस्तार हुन नसकी आर्थिक गतिविधिले तीव्रता लिन नसकिरहेको वर्तमान सन्दर्भमा भएको यस मूल्याङ्कनले समग्र निजी क्षेत्रमा समेत विश्वासको वातावरण सिर्जना गरेको र लगानी विस्तार, कर्जा प्रवाह तथा पूँजी परिचालनको लागि ठूलो अवसर सिर्जना गरेको सिबिफिनको बुझाइ छ।

बैंक तथा वित्तीय संस्थालाई बाह्यजगत्बाट सहुलियत दरमा ऋण ल्याउन, पुनर्बीमा कम्पनीले अन्य देशमा व्यवसाय विस्तार गर्न, धितोपत्र बजारलाई अन्तर्राष्ट्रियकरण गर्न, विदेशी बजारमा ऋण लिन तथा ऋणपत्र बिक्री गरी वित्तीय साधन जुटाउनका लागि क्रेडिट रेटिङको नतीजाले महत्त्वपूर्ण भूमिका खेल्ने विज्ञप्तिमा उल्लेख छ।

नेपाल सन् २०२६ मा अल्पविकसित राष्ट्रबाट स्तरोन्नति भइरहेको सन्दर्भमा साख मूल्याङ्कनको क्रममा देखिएका कमीकमजोरीलाई तत्काल सुधार तथा स्तरोन्नतिसहित मौजुदा नीति तथा वातावरणलाई अझ सहज एवं अनुकूल बनाउन सिबिफिनले माग गरेको छ। त्यस्तै, निजी क्षेत्रलाई साथमा लिएर मुलुकलाई लगानी केन्द्रको रूपमा स्थापित गर्न र दिगो तथा फराकिलो आर्थिक एवं बैंकिङ विकाससहित आर्थिक समृद्धिको पहल थाल्न पनि सरकारलाई आग्रह गरेको छ।

अन्तर्राष्ट्रिय एजेन्सी 'फिच रेटिङ'द्वारा हालै गरिएको सार्वभौम साख मूल्याङ्कनमा नेपालले 'डबल बी माइनस' (बीबी–) रेटिङ पाएको छ।

# अफवाह फैलाउने थप १० युटचयुब च्यानलसहितलाई कारबाही

काठमाडौं, १० मङ्सिर/रासस

अपुष्ट र भ्रमपूर्ण सामग्री प्रसारण गरी समाजलाई दिग्भ्रमित पारेको भन्दै प्रेस काउन्सिल नेपालले थप १० वटा युटचुब च्यानलसहितका सामाजिक सञ्जाल प्रयोगकर्तालाई सोमवार कारबाही गरेको छ।

तीमध्ये अधिकांश दर्ता/सूचीकरण नगरी सञ्चालित छन्। मिडिया अन्तर्गत दर्ता/सूचीकरण नभई सञ्चालित सामाजिक सञ्जाल प्रयोगकर्तालाई काउन्सिलले अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरेको छ।

काउन्सिलले पछिल्लो समयमा कुनै मिडियासँग सम्बद्ध भएका र नभएका सामाजिक सञ्जाल विशेषगरी युटचुब च्यानल तथा फेसबूक पेजबाट सम्प्रेषित सामग्रीको विशेष अनुगमन गरिरहेको छ। सो क्रममा सामाजिक सञ्जालबाट घृणा तथा द्वेष फैलाउने किसिमबाट अपुष्ट, आधारहीन, एकपक्षीय आरोपसहितका सामग्रीमाथि अनुगमन भइरहेको सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहराद्वारा प्रेषित विज्ञप्तिमा उल्लेख छ।

गलत, भ्रमपूर्ण, अफवाहपूर्ण, पक्षपोषणयुक्त, गालीगलौजपूर्ण र अतिरञ्जित सामग्रीलाई प्राथमिकतासहित स्थान दिई प्रकाशन/प्रसारण गर्ने युटचुब च्यानल प्रयोगकर्तामाथि काउन्सिलले पछिल्लो समय कार्यविधि बनाइ कारबाही प्रक्रिया अघि बढाएको छ।

यही मङ्सिर ४ गते यस्तै खालका नौवटा युटचुब च्यानल र पेज प्रयोगकर्तालाई काउन्सिलले कारबाही गरेको थियो। आज विनादर्ता सञ्चालित मिसन टुडे, डेलिन्यूज एनपी, सेवायो न्यूज, मिडिया ताजा खबर, ऋणी एशोसिएशन र हट न्यूज नेपाल नामक युटचुब च्यानल र पेजलाई थप अनुसन्धानका लागि प्रहरीमा पत्राचार गरिएको हो। अन्य माध्यमलाई गलत र भ्रमपूर्ण सामग्री हटाइ, उक्त सामग्री प्रसारण गर्नुको कारणसहित २४ घण्टाभित्र पेश गर्न काउन्सिलले निर्देशन दिएको छ।

"सञ्चार क्षेत्रलाई व्यवस्थित, विश्वसनीय, मर्यादित र प्रतिष्ठापूर्ण बनाउन प्रेस स्वतन्त्रताको पूर्ण कार्यान्वयन हुनुपर्छ। संविधान र कानूनले स्थापित गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई पालना गर्न, गराउन साथै गलती सच्याउने आम सञ्चारमाध्यमको प्रतिबद्धतालाई सम्मान गर्नेतर्फ काउन्सिल सदैव सचेत एवं क्रियाशील छ", विज्ञप्तिमा भनिएको छ।

**सामुदायिक ...**

व्यवस्थापन र शिक्षकको मेहनतका कारण यस विद्यालयमा अभिभावक र विद्यार्थीको आर्कषण बढेको हो।

'सेभ द चिल्ड्रेन'को सहयोगमा समुन्नति परियोजना अन्तर्गत सबल नेपाल नामक संस्थाले विद्यालयको जीर्ण भवन मर्मत गरिदिएको हो। बालविकासदेखि कक्षा ७ सम्म पढाइ हुने उक्त विद्यालयमा तीनवटा शौचालय, कार्यालय भवन, भान्साघरसहित विद्यार्थी बस्ने कोठालगायत गरी ११ वटा कोठा मर्मत गरेको सबल नेपालका परियोजना संयोजक रोशनकुमार मण्डलले जानकारी दिए।

गत वर्षसम्म २२० विद्यार्थी अध्ययनरत यस विद्यालयमा यस वर्ष विद्यार्थी सङ्ख्या थपिएर ४११ पुगेको विद्यालयका प्रधानाध्यापक लक्ष्मीप्रसाद



विश्वकर्माले बताए।

पूर्व–पश्चिम राजमार्गसँगै उत्तरपट्टि कल्याणपुरमा रहेको यस विद्यालयमा निजी विद्यालयभन्दा गुणस्तरीय शिक्षा प्रदान गर्न थालेपछि अभिभावकहरूले धमाधम निजी विद्यालयबाट छोराछोरी निकालेर यहाँ भर्ना गर्न थालेका छन्। विसं २०५० मा स्थापना भएको यस विद्यालयको नतीजा राम्रो देखिएपछि विद्यार्थीको चाप बढेको विद्यालयका शिक्षिका दीपमाला विश्वकर्माले बताइन्।

# नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी अनावरण

प्रस, वीरगंज, १० मङ्सिर/

प्रधानमन्त्री केपी शर्मा ओलीले खेल क्षेत्रको विकासमा आफू सरकारमा रहँदा वा नरहँदा पनि ध्यान दिने बताएका छन्।



धरहरा परिसरमा नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी अनावरण गर्दै प्रम ओली। तस्बिर सौजन्यः प्रधानमन्त्रीको सचिवालय/रासस

सोमवार ऐतिहासिक धरहरा परिसरबाट नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी अनावरण गर्दै प्रम ओलीले एनपिएलले नेपालको पर्यटन प्रवर्द्धन र युवा खेल प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न प्रत्यक्ष सहयोग पुग्ने बताए। प्रधानमन्त्री ओलीले खेल क्षेत्रका लागि सरकारले पर्याप्त स्रोत, साधन उपलब्ध गराउन नसके पनि लिगका लागि सक्दो साथ, सहयोग र प्रोत्साहन गर्ने बताए। उनले भने– खेल सरकारको क्रियाकलापभन्दा बाहिर छैन, खेलमा म सरकारमा हुँदा वा नहुँदा जहिल्यै पनि रुचि र अपनत्व रहनेछ, सहभागी खेलाडी सबैलाई जीतको शुभकामना दिन चाहन्छु।

नेपालीले अवसर पाएपछि गर्छ भन्ने मान्यतालाई यो खेलले फेरि पनि स्थापित गर्ने प्रम ओलीले विश्वास व्यक्त गरे। उनले नेपाली क्रिकेटमा नयाँ आयाम थप्न सकियोस्, क्रिकेट हाम्रो पुस्ताको सपना र गौरवको विषय भएको बताए।

प्रम ओलीले आजको दिन नेपाली खेलकूद क्षेत्रका लागि विशेष महत्त्वपूर्ण दिन भएको चर्चा गरे। प्रम ओलीले भने– हाम्रो गौरवशाली धरहराको काखमा, नेपाल प्रिमियर लिगको ट्रफी अनावरण कार्यक्रमले खेलकूदमा नयाँ जाँगर पैदा गरेको छ, विशाल अनि अग्लो धरहराले हाम्रो इतिहास र संस्कृतिलाई सम्झाउँछ भने नेपाली क्रिकेट इतिहासको विशाल अनि उमङ्गमय पर्व एनपिएलले हाम्रा खेलाडीहरूको सपना र आगामी पुस्ताको प्रेरणालाई उजागर गर्छ।

विश्वभर छरिएर रहेका क्रिकेटप्रेमीहरू मात्र होइनन्, अहिलेको पुस्ताले नेपाली खेलाडीहरूको मेहनत र सफलतालाई गौरवका साथ लिएको प्रम ओलीले बताए। यो केवल खेल मात्र नभई, हाम्रो राष्ट्रिय जागरूकता र अनुशासनको प्रतीक भएको उनले दाबी पनि गरे।

प्रम ओलीले नेपाली क्रिकेटका सबै खेलाडी अब्बल रहेको बताए। जनकपुर बोल्ट्सका कप्तान आसिफ शेखले स्पोर्ट्र्सम्यानशिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल भिडियो मैले पनि हेरेको थिएँ। जनकपुरझैं शान्त स्वभाव कायम रहोस्, आसिफ शेखलाई क्याप्टेन कुलको उपनाम दिनुपर्ला, काठमाडौं गुर्खाजका कप्तान करण केसीलाई भ्यालेन्टाइन बोइ भनेर सम्बोधन गर्ने कुरा थाहा पाएको थिएँ। उनले राजधानीको नाम राख्ने आशा लिएको छु, पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेल बलर हुन् कि ब्याटर विश्वले नै चिन्न सकेको छैन, यसपालि ९९ मा आउट हुन नपरोस् शतक हान्नु उनले भने।

कुशल मल्लको छक्का हान्ने शैली आफूलाई साह्रै मन पर्ने प्रम ओलीले बताए। चितवन राइनोजका कप्तान कुशल मल्ल हेर्दा सानो केटो, ज्यानमा तागत बोकेर छक्का हान्ने शैली साह्रै मन पर्छ, आखिर चितवन गैंडाजका कप्तान हो नि, थप चर्चा कमाउनु, खेलाडीको प्रशंसा गर्दै प्रम ओलीले अगाडि भने– लुम्बिनी लायन्सका रोहित पौडेलको नाम सुन्यो कि मलाई गर्व लाग्छ, रोहितको कप्तानीले लुम्बिनीको भावना मैदानमा देख्नेछ, जसले जिते पनि रोहितलाई फाइदा छ, आखिर देशले जित्छ र नेपाली क्रिकेटका कप्तान भएको नाताले उनले जितेकै हुनेछन्, विराटनगर किङ्सका सन्दीप लामिछाने त हाम्रो क्रिकेटको ब्रान्ड एम्बेसडर जस्तै भए। बिबिएलदेखि आइपिएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको छ, त्यसैले त मैले भनेको थिएँ– नेपालीले चान्स पायो भने गर्छ, कर्णाली याक्स्का सोमपाल कामीका ती योर्करहरूलाई कसले भुल्न सक्छ ? सोमपालले कर्णालीको चीसो पानीको तागत मैदानमा देखिनेछ, अर्को टी– २० विश्वकप खेल्ने तयारीमा जुट्नु, कर्णाली याक्सले भारतका गब्बर शिखर धवनलाई अनुबन्ध गरेको सुनेको छु, जो आइपिएलका सर्वाधिक दोस्रो रन बनाउने ब्याट्सम्यान रहेछन्, यसरी ठूला लिग र विश्वकप खेलेका खेलाडी नेपालमा आउनु गौरवको विषय हो, प्रम ओलीले बताए।

प्रम ओलीले दीपेन्द्र सिंह ऐरीलाई नेपाली क्रिकेटको बाघको संज्ञा दिए। अन्तिममा हीरोको पालो आउँछ, मेरो मनपर्ने नेपाली क्रिकेटका बाघ दीपेन्द्र सिंह ऐरीको ६ छक्काको कीर्तिमान मलाई स्मरण छ, एनपिएलमा यस्ता थुप्रै कीर्तिमान बनून्, सुदूरपश्चिम रोयललाई पनि विशेष शुभकामना दिए।

विश्वकपमा २३७ रनको रेकर्ड बनाएका मार्टिन गप्टिल पनि विराटनगर किङ्समा अनुबन्धित भएका र थुप्रै देशबाट खेलाडी आउने जानकारी पाएको बताउँदै ओलीले एनपिएलले पर्यटन व्यवसायको पनि प्रवर्द्धन गर्छ भन्ने विश्वास व्यक्त गरे।

देशको प्रधानमन्त्री भएकाले सात टीममध्ये कुन टीमलाई समर्थन गर्ने भन्नेमा आफू द्विविधामा रहेको बताउँदै उनले सबैलाई शुभेच्छा र शुभकामना दिए।


## आगो, हिटर वा गिजर प्रयोगमा होशियारी अपनाऔं

> आगो वा हिटर नजीकबाट नतापौं,
> कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
> कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
> हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
> आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
> आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
> गिजरलाई बाथरूमबाहिर खुला ठाउँमा जडान गरौं,
> बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
> गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## दृष्टिविहीन विश्वकप क्रिकेट : नेपालद्वारा अफगानिस्तान पराजित

काठमाडौं, १० मङ्सिर/रासस

दृष्टिविहीन टी–२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ। नेपालले अफगानिस्तानलाई १०८ रनले हराएको हो।



पाकिस्तानको लाहोरमा जारी दृष्टिविहीन विश्वकप क्रिकेट अन्तर्गत आफ्नो तेस्रो खेलमा नेपालले आज टस हारेपछि पहिले ब्याटिङ गरेको थियो। नेपालले जीतका लागि अफगानिस्तानसामु २२९ रनको लक्ष्य प्रस्तुत गरेको थियो। तर अफगानिस्तानले सबै विकेट गुमाएर १२० रन मात्र बनाउन सक्यो।

नेपालका लागि उपकप्तान पदमबहादुर बडैला र नरेश चौधरीले अर्द्धशतकीय पारी खेले। बडैलाले ५१ बलमा अविजित रहेर ९२ रन तथा चौधरीले ६२ बलमा अविजित ७२ रन बनाए। यस्तै, भरत थापाले २१ तथा सागर लामाले चार रन बनाए। अफगानिस्तानका बलरहरूले नेपाललाई ३९ अतिरिक्त रन दिएका थिए।

यस्तै, नेपालविरुद्ध ब्याटिङ गर्दै अफगानिस्तानका अबाशीनले ५२, द्वारनले २१ तथा शराफतले १३ रन बनाए। बलिङतर्फ नेपालका लागि सुनील रानामगरले तीन तथा भरत थापा, अमीश गुरागाईं र सुनील सुवेदी क्षेत्रीले एक/एक विकेट लिए।

नेपालले मङ्गलवार दक्षिण अफ्रिकासँग चौथो खेल खेल्नेछ। यस अघि नेपाल पहिलो खेलमा श्रीलङ्कासँग तथा दोस्रो खेलमा बङ्गलादेशसँग पराजित भएको थियो। दृष्टिविहीन विश्वकप क्रिकेट प्रतियोगितामा नेपालसहित, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र दक्षिण अफ्रिका सहभागी छन्।

## साह अन्तर्राष्ट्रिय रेफ्री चयन, पर्साबाट बिदाइ

प्रस, वीरगंज, १० मङ्सिर/

जिल्ला खेलकूद विकास समितिले यही मङ्सिर १२ गतेदेखि सिङ्गापुरमा हुने एशिया प्यासेफिक सितोरियो कराँते डो च्याम्पियनशिप–२०२४ मा नेपालबाट निर्णायकमा चुनिएका रेफ्री राजेश्वर साहलाई बिदाइ गरेको छ।



समितिमा सोमवार कार्यक्रम आयोजना गरी रेफ्री साहलाई निमित्त कार्यालय प्रमुख पृथ्वी आलोकलगायत विभिन्न खेलका प्रशिक्षकहरूले बिदाइ गरेका थिए। साह पर्सा जिल्ला सितोरियो कराँते महासङ्घका अध्यक्ष पनि हुन्। उनलाई नेपाल सितोरियो महासङ्घले एशिया प्यासेफिक सितोरियो कराँते डो च्याम्पियनशिप–२०२४ मा नेपालबाट निर्णायकमा चुनिएको थियो। सिङ्गापुरमा एशिया प्यासेफिक सितोरियो कराँते डो च्याम्पियनशिप–२०२४ यही मङ्सिर १२ देखि १७ गतेसम्म सञ्चालन हुन गइरहेको छ।

कार्यक्रममा सितोरियो सङ्घ पर्साका सन्तोष सर्राफ, एथलेटिक्स प्रशिक्षक विश्वेश्वर पटेल, कराँतेका प्रशिक्षकहरू अशेश्वर पटेल, राजुसाह सोनार, धनञ्जय मिश्र, उदय गिरी, विकास साह, विश्वराज पटेल, किक बक्सिङका राकेश श्रेष्ठ र तेक्वान्डोका प्रशिक्षक महमद सकिल र राष्ट्रिय खेलाडी महमद वेसलगायतको सहभागिता थियो।

## सञ्जीतलाई स्वर्णसहित दुई पदक

काठमाडौं, १० मङ्सिर/रासस

डब्लुएमएसी वेल्स खुला प्रतियोगितामा सञ्जीतकुमार राईले स्वर्णसहित दुईवटा पदक जितेका छन्।
नोभेम्बर २४ तारिखमा इबिबिडब्लू भेल लिजर सेन्टर, साउथ वेल्समा भएको प्रतियोगितामा सञ्जीतले दुई स्पर्धामा समान एक/एक स्वर्ण र रजत जितेका हुन्।



सञ्जीतले 'क्रिएटिभ फम्स'को 'मिक्स ब्ल्याकवेल्ट सफ्ट स्टायल'मा स्वर्ण जिते। उनले २६.७ अङ्क जोडे।
'ट्रेडिशनल फम्स'को मिक्स ब्ल्याकवेल्टमा रजत जित्ने क्रममा सञ्जीतले २६.४ स्कोर गरे। प्रतियोगितामा ४५० जना खेलाडीको सहभागिता रहेको बताइएको छ।

प्रतियोगिताको क्रममा सञ्जीतको डब्लुएमएसी वेल्सका अध्यक्ष क्रिस स्पार्क्ससँग पनि भेट भएको थियो।
सञ्जीतको यो पाँचौं अन्तर्राष्ट्रिय पदक हो। यस अघि सञ्जीतले सन् २०२२ मा स्लोभेनियामा भएको विश्व मार्शल आर्ट्समा एक स्वर्ण र एक कांस्य तथा २०२४ मा अमेरिकाको न्यूजर्सीमा भएको 'ब्याटल अफ ड्रागन मार्शल आर्ट्स च्याम्पियनशिप'मा स्वर्ण जितेका थिए।

राष्ट्रिय उमा कुङ्फू प्रतियोगिताका दुई फरक संस्करणमा सञ्जीतले दुईवटा स्वर्ण जितेका छन्।

सञ्जीतले भारत, अस्ट्रिया र जर्मनीमा भएको प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नुका साथै विभिन्न घरेलु प्रतियोगितामा मुख्य निर्णायकका रूपमा पनि काम गरेका छन्। सञ्जीत नेपाल उमा कुङ्फू सङ्घका नवनिर्वाचित अध्यक्ष पनि हुन्।